# धर्मकीर्ति

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY

ज्येष्ठ पूर्णिमा



**दिवंगत, बर्मी दो पञ्ञाचारी गुरुमाँ**

अ. धम्मवती प्रमुख दश जनाभन्दा बढी नेपाली गुरुमाँहरुको आचार्य र बर्मी हजारभन्दा बढीको गुरु आमा तथा म्यानमार मोलमिनग्येमाराम भिक्षुणी विद्यालयका प्रमुख पञ्ञाचारी गुरुआमा ९४ वर्षमा १९९९ जून ९ तारीखमा निधन हुनु भएको समाचार छ । उहाँ २०३६ सालमा नेपाल आउनुभई सबैभन्दा पहिले विपस्सना ध्यान शिविर बनेपा ध्यानकुटीमा संचालन गर्नुभएको थियो ।

DHARMAKIRTI

वर्ष- १७ अङ्क- ३ वार्षिक रु. ५०/- मूल्य रु. ५/-

Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ।

२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस्। लेख लेख्दा कागजको एकतर्फी मात्र लेखी अक्षर स्पष्ट हुन आवश्यक छ।

३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू समयमै हामीलाई लेखी पठाउनु होस्।

४. हामी तपाईंको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं।

५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफै हुनेछ–सम्पादक मण्डल हुने छैन।

## विषय–सूचि


१) सम्पादकीय
२) छलफल
३) चुल्लसेट्ठि जातक - प्रकाश बज्राचार्य ------------ २
४) *त्रिपिटक वाङ्मय चिनारी (सूत्रपिटक/दीघनिकाय)-१०*
गरिबी र दरिद्रता : अपराधको मूल जड हो
*- कोण्डन्य संघारम* ------------------------ ३
५) धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू ----------- ५
६) भिन्तुना-स्वाँयापुन्हीया - *गौतम वीर बज्राचार्य* ---- ५
७) पवित्र भूमि लुम्बिनी-योजना र प्रगति-२
*- देवेन्द्र राज शाक्य* ------------------------ ६
८) गौतम बुद्ध र वहाँको गम्भीर धर्म
*- सुश्री विनीता प्रधान "प्यासी आरती"* --------- ८
९) बुद्ध धर्म र गृहस्थी जीवन - *श्रीमती शर्मीस्था उदास* --१०
१०) २. व्रत ग्रहण गर्ने बारे आलोचना --------------११
११) बौद्ध सम्राट अशोक एवं कनिष्कका धर्मनिरपेक्षता
*- अनु. विजयराज वज्राचार्य* ---------------- १२
१२) 'सत्संगत' - *यसोज श्रामणेर* ---------------१३
१३) संयुक्त निकाय-९
*- भिक्षु ज. काश्यप, भिक्षु धर्मरक्षित, अनु. वीर्यवती* --- १४
१४) य:त सुनां भिं याई ? - *भिक्षु बोधिज्ञान* ------- १६
१५) २५४३ स्वाँया पुन्ही - *भिक्षुणी चन्द्रशीला* ------ १८
१६) धर्मकीर्ति विहार-गतिविधि ----------------- १९
१७) धर्म प्रचार-समाचार ---------------------- २१


### लसकुस दु, स्वागत दु, भ्नासं न्है !

धम्मवती गुरुमाँया ६४ दँ फुना ६५ दँ क्यनीगु जन्मदिंया लसताय् २०५६ श्रावण ७ गते शुक्रबार दसमि खुनुनिसें धर्मकीर्ति विहारे सुथे सुथे ७ बजे निसें अभिधर्म पाठ भिक्षु संघ पाखें पाठ जुइगु दु। श्रावण १३ गते बीबार पारु खुनुसिधई। अभिधर्म धयागु उत्तमगु व गम्भिरगु बुद्धया उपदेश त ख:। परमार्थ धर्मया खँ अभिधर्मे दुथ्याना च्वंगुदु।

### सुलक्षण कीर्ति विहार कार्य समिति

का.जि. नघल स्थित धर्मकीर्ति विहारको संरक्षण र निर्देशनमा गौतम बुद्धको मानव कल्याणकारी शिक्षा जन मानसमा प्रचार प्रसार गर्न उद्देश्य लिई स्थापित यस सुलक्षण कीर्ति विहारलाई जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट मिति २०५६।२।१४ गते का दिन निम्न पदाधिकारीहरू रहेको एक सुलक्षण कीर्ति विहार कार्य समिति स्थापना गर्न स्विकृति दिइएको समाचार छ।

| | | |
|---|---|---|
| १. | अध्यक्ष | भि. अनोजा |
| २. | उपाध्यक्ष | श्री हरिमान रंजित |
| ३. | सचिव | श्री भिम बहादुर श्रेष्ठ |
| ४. | कोषाध्यक्ष | श्री पंचनारायण |
| ५. | सदस्य | श्री रतिराम |
| ६. | सदस्य | श्री भैरबकर शाक्य |
| ७. | सदस्य | श्री उत्तम मानन्धर |

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन : २५८९५५

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन : २५३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन : २७६९०८

सह-व्यवस्थापक
**धुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**
फोन : २५९४६६

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन : २५५९६०, २५९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन : २५९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४३
नेपालसम्वत् १११९
इस्वीसम्वत् १९९९
बिक्रमसम्वत् २०५६

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ५०/- |
| यस अङ्कको | रु. | ५/- |


# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY

June,1999


| | | | |
|---|---|---|---|
| वर्ष- १७ | अङ्क- ३ | ज्यापुन्ही | पुर्णिमा २०५६ |





## चारप्रकारका असत मित्रहरू

(क) अर्काको वस्तु भने लिने इच्छा गर्दछ, तर आफ्नो वस्तु भने दिने इच्छा गर्दैन, यस्तो व्यक्तिलाई अमित्र भनेर जान्नू ।

★ ★ ★

(ख) वचनले मात्रै मित्रभाव देखाई कामले भने केही नगर्ने व्यक्तिलाई पनि 'अमित्र' भनेर जान्नू ।

★ ★ ★

(ग) मुखको अगिल्तिर प्रशंसा गरी पछाडितिर निन्दा गरेर हिंड्ने व्यक्तिलाई पनि मित्र स्वरूपमा रहेको अमित्र भनेर जान्नू ।

★ ★ ★

(घ) नचाहिने नचाहिने काममा अर्थात् धन नाश हुने काममा सल्लाह दिने व्यक्तिलाई पनि मित्र स्वरूपमा रहेको "अमित्र" भनेर जान्नू ।

Downloaded from http://www.dhamma.digital

# चुल्लसेट्ठि जातक

✍ प्रकाश बज्राचार्य

मरेको मुसा ! बाटोको बीचमा फालिराखेको मरेको मुसालाई कसैले वास्ता गरेन; वास्ता गर्ने फुर्सत पनि थिएन कसैसँग। कसले वास्ता गर्ला एउटा मुसालाई, त्यो पनि मरेको ? तैपनि त्यो मान्छे एकजना गजबकै रहेछ। कति बेरसम्म घुरेर हेरिराख्यो उनले- त्यो मरेको मुसालाई । मरेको मुसालाई हेर्दै आफै भुनभुन कराएर ल्यायो- "यो मरेको मुसा किन कसैले नलिएको होला ? बिना मतलबको कामै नलाग्ने भनेको के हुनसक्छ र ? यो मरेको मुसा पनि काम लाग्न सक्छ। मेहनत र बुद्धि हुने भए यस मरेको. मुसालाई पनि काममा लिएर पैसा कमाउन सकिन्छ। किन कसैले यसलाई नलगेको होला !

मानिसहरूले मुसालाई मात्र वास्ता नगरेको होइन, त्यसरी मसिनो स्वरले कराइराख्नेलाई पनि वास्ता गरेन। सबैले पागल पो हो कि भन्ठानेर आफ्नो बाटो तताए। ऊनिरै भोकाएको जस्तो देखिने एकजना गरिब मान्छे ठिंग उभेर उसलाई हेरिरहेको थियो। उसलाई राम्ररी हेरेपछि चिनी पनि हाले। बाराणशीको सेठ चुल्लसेट्ठि पो रहेछ।

त्यत्रो ठूलो सेठले भनेको कुरा राम्रै होला- विचार गऱ्यो त्यस गरीबले । अनि बिस्तारै गएर त्यो मरेको मुसाको पुच्छर समाती उचालेर हेऱ्यो।

"के यस मरेको मुसा एउटाले पैसा कमाउन सकिएला मैले ? त्यस सेठले नभएको कुरा त गरेको हैन होला। हेरुँला मेरो भाग्य पनि।" यस्तो मनमा राखी त्यो गरीब मान्छेले हातमा मरेको मुसालाई लिई हिंडे।

तीनवटा जति गल्ली पार गरिसकेपछि एउटा पसलमा बाँधिराखेको एउटा बिरालोको आँखा त्यस मुसामाथि पऱ्यो। बिरालो "म्याउ, म्याउ" कराउँदै उफ्रिन थाल्यो। अनि बिरालोको मालिकले बिरालोलाई भनेर त्यो मुसा एक दाम (चार दाम=१ पैसा) ले किन्यो।

एक दामको सक्खर किन्यो त्यसले । त्यसबाट सक्खरको झोल बनायो । अनि जंगलमा फूल टिप्न आउनेहरूलाई सक्खरको झोल पिलाउने गऱ्यो। सक्खरको झोल पिएर जानेहरूले पनि उनलाई एक-एक मुट्ठा फूल दिएर जाने गर्थे। फूल बेचेर सक्खर किन्थ्यो, सक्खरको झोल पिलाउँथ्यो, फूल लिएर, फेरि बेच्थ्यो । यसरी नै उनले आठ कार्षापण (त्यसबेलाको पैसा) कमायो।

एकदिन बेस्सरी हावा चल्यो । रूखका हाँगा र पातहरू खसेर राजाको बगैंचा फोहोर भयो। सफा गर्नु परेर दिक्क भइराख्ने बगैंचाको मालीलाई त्यस गरीबले "यो बगैंचा सफा गरिदिनेछु, मलाई केही पैसा ज्यालाको रूपमा दिनुहोस्" भने। मालीले "हुन्छ" भने पछि उनले सँगै खेलीराख्ने एक बथान केटाकेटीहरूलाई सक्खरको झोल पिलाई ती सबै पातहरू, हाँगाहरू टिप्न लगाए। उनको भाग्य ! बाल्नको लागि काठ खोजिराख्ने राजाको कुम्हाले दाजुलाई उनले भेटे। उनलाई ती रूखका हाँगा र पातहरू बेची उनले छ: आना कार्षापण खल्तीमा हाले । त्यही पैसाले उनले एउटा काम शुरु गरे- बटुवाहरूलाई पानी ख्वाउने । यसैबाट धेरै बटुवा तथा ब्यापारीहरू उनका साथीहरू बने।

ब्यापारीहरूबाट एकदिन उनले पाँच शय घोडाहरू लिएर एउटा ब्यापारी त्यस नगरमा आउने कुरा थाहा पायो। अनि एउटा जुक्ति लगायो उनले। उसकहाँ पानी खान आउने घाँस बेच्नेहरू सबैसँग एक-एक मुट्ठा घाँस लिई "दुई तीन दिनसम्म तपाईहरूले घाँस नबेचिदिनुहोस् मेरो निम्ति" भनेर हात जोड्यो। जहिले पनि सितै पानी खाइराख्ने घाँस बेच्नेहरूले 'नाईं' भन्न सकेनन्।

ब्यापारी आइपुग्यो । उनले आफ्ना पाँच शय घोडाहरूलाई खुवाउन घाँस खोज्न सकेन । यही मौका छोपी त्यस गरीब मान्छेले हजार रुपियाँ लिई उनका घोडाहरूलाई घाँस खुवायो।

केही दिनपछि एउटा ठूलो जहाज सामान लिएर आईपुगेको कुरा त्यस गरीबले थाहा पायो। अनि भाँडामा लिएको रथमा बसी राम्रो लुगा लगाई महाजन जस्तो गरी गएर त्यस जहाजको नाविकलाई एउटा औंठी पेश्की दिएर जहाजको सामान सबै आफूले किनेर लिने पक्का गऱ्यो । सामान भएको जहाज आइपुगेको कुरा सुनेर बाराणशीका अरू ब्यापारीहरू त्यहाँ आए, तर पहिला नै त्यस गरीब मान्छेले पेश्की दिई राखिसकेकोले कसैले केही लिन पाएन। अनि उनीहरू सबै, शयजना बाराणशीका महाजनहरू, त्यस गरीबकहाँ गई हरेकले दुई-दुई हजार रुपियाँ तिरी ती सामानमा हिस्सा किनी लिए। यसरी त्यस गरीबले दुई लाख रुपियाँ फाइदा गरे । ऊ गरीब भएन, लखपति भयो।

आफ्नो मेहनत र बुद्धिले मरेको मुसालाई काममा लिई लखपति हुने त्यो मान्छे कृतघ्न थिएन। त्यसैले ऊ सेठ चुल्लसेट्ठिकहाँ गए, भने, "महाजन, तपाईंले भन्नु भएर नै बाटोमा फालिराखेको मरेको मुसा लिई त्यसबाट मैले दुई लाख रूपियाँ कमाई सकें। आधी रकम तपाईंले लिनुहोस्।"

उनको कुरा सबै सुनेर सेठ चुल्लसेट्ठिले उनलाई आफ्नो एक्ली छोरी दियो। त्यसबेलादेखि त्यो मान्छे चुल्लसेट्ठिको ज्वाईं मात्र होइन, उनको उत्तराधिकारी पनि भयो।

★★★

*यो जातक कथा भगवान्ले चुल्लपंथक नाम गरेको एकजना मन्द बुद्धि भएको भिक्षुको कारणले सुनाउनु भएको थियो। यसमा मरेको मुसालाई काममा लिई लखपति हुने चुल्लपंथक हो; अनि चुल्लसेट्ठित बोधिसत्व नै भयो।* ■



Downloaded from http://www.dhamma.digital

# गरिबी र दरिद्रता : अपराधको मूल जड हो

कोण्डन्य संघारम

## पाथिक सुत्त (ग/२४)

त्रिपिटक अन्तर्गत दीघनिकायको तेश्रो वर्ग 'पथिक वग्ग' को पहिलो सूत्र हो - 'पाथिक सुत्त'। सूत्रानुसार बुद्ध मल्लदेशको अनुप्रिया भन्ने ठाउँमा विराजमानावस्था, बुद्धले उत्तरीय मनुष्यधर्म ऋद्धि प्रातिहार्य (अलौकिक शक्ति प्रदर्शन) देखाएनन् भनी सुनक्षत्र लिच्छवी पुत्र धर्म नै त्यागेर भिक्षुसंघबाट अलगिगएर आफ्नो बाटो लाग्छ । बुद्ध- 'सुनक्षत्र ! आउ, मेरो धर्म स्वीकार गर । म तिमीलाई अलौकिक ऋद्धि प्रदर्शन गरुंला ।' - सुनक्षत्र - 'त्यसो त छैन, भन्ते !' बुद्ध -'मूर्ख (मोघपुरुष) ! हेर, यो त तिम्रो आफ्नै अपराध (भूल) हो ।'

यस सूत्रमा पाथिक पुत्र अचेल (नग्न) को बारेमा पनि कुरा उल्लेख भएका छन् । बैशालीको महावन कूटागार शालामा बुद्ध आराम लिंदै गरेको हुन्छ, त्यही समयमा महान लोभी तथा प्रख्याति कमाएका अचेल पाथिक पुत्रले बैशालीको वज्जीहरूका गाउँमा एउटा बृहत सभामा यसरी बोल्छ - 'श्रमण गौतम ज्ञानवादी हुनुहुन्छ, म पनि ज्ञानवादी हुँ । ज्ञानवादीले ज्ञानवादीसित उत्तरीय मनुष्यधर्म ऋद्धि प्रातिहार्य प्रदर्शन गरिनुपर्दछ । यदि श्रमण गौतम तुरुन्तै आधा बाटोसम्म आएमा म पनि उस्तै गर्छु । दुबैजना मिलेर ऋद्धि प्रदर्शन गरौंला । यदि श्रमण गौतमले एउटा ऋद्धि प्रदर्शन गर्छ भने मैले दुईवटा प्रदर्शन गरुंला, श्रमणले दुईवटा ... ... मैले चारवटा प्रदर्शन गरुंला ।'

बुद्ध पाथिकको आराममा (आवास) पुग्छ, त्यहाँ लिच्छवी, श्रमण-ब्राह्मण, तीर्थंकर, धनी गृहपतिका साथ नामूद परिषदको जमघट हुन्छ । यस कुरा थाहापाई पाथिक भयभीत हुन्छ, अन्यत्र नै कुलेलम ठोक्छ (भाग्यो)। 'ती हू' भन्दै ठूल्ठूलो स्वरमा कराउनु पर्ने त्यस पाथिकले आफूले आफैलाई सिंहराज मैं हुँ भन्ने सम्झिन्छ, खुशीले संविग्न तथा लोमहर्षित हुन्छ । उसलाई मानिसहरू बोलाउन जान्छन्, तर उ परिषदका बीच आउनै मान्दैन ।

**'ईश्वरकृत-ब्रह्माकृत (निर्माणवाद) को खण्डन'**

यसै सूत्रमा ईश्वर निर्माणवाद सम्वन्धी कुराहरू यसरी उल्लेख भइराखेको पाउन सकिन्छ- जो श्रमण - ब्राह्मणहरू ईश्वर वा ब्रह्माको श्रृष्टि-कर्तापनको मत (सिद्धान्त आचार्यक) लाई श्रेष्ठ (अग्रण्य) मान्नेहरू हुन्, उनीहरूकहाँ गएर म सोध्छु - के यहाँहरू साँच्चै नै ईश्वर ब्रह्माको श्रृष्टिकर्तापनलाई श्रेष्ठ मान्नु हुन्छ ? यसरी मैले प्रश्न गर्दा उनीहरूले जवाफ नदिई मसंगै प्रतिप्रश्न गर्छन् । म यसरी उत्तर दिन्छु- धेरै समय बितीसकेपछि (समयको लामो अन्तरालमा) एउटा यस्तो समयको आगमन हुन्छ, जतिबेला यस संसार प्रलय (विनाश) हुने हुन्छ, पुन: ... ... बिस्तारै विविध तवरले यस संसारको उत्पत्ति हुने हुन्छ । अनि जुन सत्त्व पहिले उत्पन्न भएको हुन्छ, त्यस्को मन (ब्रह्मा) मा यस्तो (आभाष) हुने हुन्छ- म ब्रह्मा, महाब्रह्मा, अभिभू (विजेता), अन-अभिभू (अविजित), सर्वद्रष्टा (सर्वज्ञ), वशवर्ती, ईश्वर, निर्माता, श्रेष्ठ, विभाजनकर्ता, वशी (स्वामी) , भूत तथा भविष्यका प्राणीहरूका पिता हुं । मैले नै यी सत्त्वहरूका निर्माण गरेको हुं । के कारणले त ? पहिले मलाई यस्तो भयो अहो ! अरू सत्त्वहरू पनि यहाँ आए कत्ति हुन्थ्यो ! मेरो मनबाटै उत्पन्न भएर यी प्राणीहरू संसारमा प्रकट भएका हुन्, उनीहरूका मनमा पनि यस्तो हुँदो रहेछ- यिनी ब्रह्मा, महाब्रह्मा, सर्वज्ञ, ईश्वर, कर्ता .... भूत तथा भविष्यका पिता हुन् । यी मान्यवर ब्रह्माले नै हाम्रो श्रृष्टी (उत्पन्न) गरेका हुन्, उनी महाब्रह्मा नित्य, ध्रुव, अल्पायु र च्यूत हुने स्वभावका (मरणशील) भएर यस लोकमा पदार्पण गरेका हुन् ।'

उपरोक्त कथन अनुसार जुन संसार-जगतको श्रृष्टि सम्बन्धि कथा छ, त्यस्को खण्डन यस सूत्रमा स्पष्टत: उल्लेख भएको पाइन्छ । बुद्धको मत अनुसार श्रृष्टि देखि प्रलयसम्म जुनसुकै कुराहरू कार्यकारण सिद्धान्त वा प्रतित्यसमुत्पाद (The Law of Depending Origination) को आधारमा अगाडि बढीरहने हुन्छन् ।

## उदम्बरिक (सीहनाद)-सुत्त (ग/२५)

बुद्ध राजगृहस्थित गृधकूट पर्वतमा विराज-मानावस्था, निग्रोध नाम गरेका परिब्राजक उदुम्बरिकाको परिब्राजकाराममा तीन सय शिष्यहरूका साथ बसीराख्दा यस्तो सवाल उठ्छ 'बुद्धको धर्म कस्तो खालको छ ? के-कसो गरी वहाँका चेलाहरू (श्रावक) सुविनित भई आश्वस्त भएर आदिब्रह्मचर्याको अभिप्राय बुझ्ने गर्दछन् ? यसैबेला बुद्ध त्यहाँ टुप्लुक्क पुग्छ, अनि निग्रोधलाई तपस्या-साधना (ध्यान) का बारेमा राम्ररी एक एक छुट्नेगरी देशना गर्दै लान्छ । शारीरिक र मानसिक पीडा हुने तवरमा साधना नगर्ने, बाह्यरूपले



Downloaded from http://www.dhamma.digital

मात्र गरीने यौगिकध्यान मात्र सम्पूर्ण (मुख्य कुरा) हुन नसक्ने, बुद्ध धर्मको साधना जसले यसै वर्तमान जीवनमा नै सुख-शान्ति प्राप्त गराईदिने हुन्छ, त्यस सम्बन्धि साधनाको प्रकाश पार्दै लान्छ । मिथ्या साधना र सम्यक् साधनालाई अलग अलग छुट्याई सम्यक् साधनालाई जीवनमा सुख-शान्ति प्राप्तार्थ जीउने कला हो भनी अगाडी बढ्नुपर्ने कुरामा बुद्धले जोड दिंदै लान्छ ।

**चक्कवत्तिसीहनाद-सुत्त (ग/२६)**

'भिक्षुहरू ! अत्तदीप ( आफ्नो ज्योति प्रकाश आफ्नै), अत्तसरणा (आफू नै आफ्नो शरण- मालिक), न अनन्य सरणा (अरुको शरण होइन), धर्मद्वीप र धर्म शरण भई जिउन र बाँच्न सिक, स्वावलम्बी पूर्वक जीवन अगाडि बढाउँदै लग । ध्यानाभ्यासी भएर मनोधर्म वृद्धि गर्दै लानुपर्छ ।' यसरी मातलामा विराजमान बुद्धले आफ्ना शिष्यहरूलाई उपदेश दिंदै लान्छ ।

यसपछि बुद्धले दृढनेमि चक्रवर्ती राजाको बारेमा कुरा उठाउँछ । हितकारी वा विनाशकारी, दीर्घकालीन वा क्षणिक, असल वा खराब, सेवनीय वा असेवनीय भन्ने कुरा राम्ररी जानेर बुझेर अहितकारी काम-कुरा त्याग गरी हितकारी काम-कुरा दृढभएर पालना गर्दै लाने जसलाई 'चक्रवर्ती व्रत' भनिन्छ । यस व्रतलाई चक्रवर्ती राजाले सात पुस्तासम्म सुरक्षित पूर्वक चलाएका थिए तर आठौं राजाले उक्त व्रत पालना गर्न सकेनन् । आफू खुशी मनपरी शासन व्यवस्था चलाउँछ, जनताको आर्थिक अवस्था खस्किंदै जान्छ, दरिद्रता वृद्धि हुँदै जान्छ । आर्थिक स्थिति बिग्रिएर यतिसम्म नाजुक स्थितिमा पुग्छ कि मानिसहरू के गर्छन्- के गर्दैनन् केही भन्न सकिन्न । आर्थिक अवस्थाले जनजीवन धेरै नै प्रभावित हुने मात्र नभई यसले गर्दा मानिसहरूको आचार-व्यवहार, चालचलन र आचार-संहिता नैं बदलिएर जाने हुन्छ । त्यसकारण अपराधको मूल जड भन्नु नै गरीबी र दरिद्रताको कारणले श्रृजना हुन्छ । सूत्रमा उल्लेखित निम्न कुराहरूबाट यसबारे अझ केही कुरा यसरी स्पष्ट हुन्छ ।

नाजुक आर्थिक स्थिति, गरीबी र दरिद्रताको परिणाम यस्तो हुने गर्दछन् ।

१. पैसा (गरीबी) नभएर दरिद्रता बृद्धि हुन्छ, दरिद्रताले चोरी-कार्य-हातहतियार-प्राणी हिंसा-असत्य(वाद) त-चुक्ली-दुराचारले कठोर वचन र निरर्थक कुरा बृद्धि हुँदै जान्छ ।
२. गरीबीले अभिध्या (अनुचित लोभ) र ब्यापाद (हिंसाले प्रेरित भाव) वृद्धि हुने र यसको बृद्धिले मिथ्यादृष्टि बृद्धि हुन्छ ।
३. गरीबीले अधर्ममा राग, अनुचित लोभ र मिथ्याधर्म बृद्धि हुन्छ । आमा-बाबु, श्रमण-ब्राह्मण, (परिवारया) ठूलाबडालाई मान-सम्मान गर्ने काम गर्दैन, गौरवको अभाव देखिंदै जानेहुन्छ ।

यसरी नै बुद्धले अकुशल कर्मले (खराब) हाम्रो आयु र वर्ण ऱ्हास हुने, कुशल कर्म (पुण्य) ले गर्दा आयु र वर्ण बृद्धि हुने तथा स्वावलम्बी हुन भिक्षुहरूले गरीनुपर्ने कर्तब्य-धर्मको ब्याख्या गर्दै मैत्रेय भगवान (मैत्री बुद्ध)को उत्पत्ति (उद्भव) का बारे भविष्यवाणी गर्दछ ।

**अग्गञ्ञ-सुत्त (ग/२७)**

बुद्ध श्रावस्तीस्थित पूर्वाराममा विराजमानावस्था, भिक्षु हुनेहरू (उपसम्पदोपक्षिक) वाशिष्ठ र भारद्वाजले आफूहरूलाई ब्राह्मणहरूले उपहास र निन्दा प्रदर्शन गर्दै यसो भने भनी बताउँदै लान्छन्- 'ब्राह्मण मात्र श्रेष्ठ वर्ण हो, अरू सबै हीन (तुच्छ) हुन् । ब्राह्मण मात्र शुक्ल वर्ण हो, अरू सबै कृष्ण वर्ण हुन् । हामी मात्रै शुद्ध हौं, अरू सबै अशुद्ध हुन् । हामी ब्रह्माको श्रीमुखबाट पदार्पण (उद्भव) भएका औरस पुत्र, ब्रह्म निर्मित तथा ब्रह्मदायाद हौं । तिमीहरू आफ्नो श्रेष्ठ वर्ण त्यागेर हीन बनेका, कृष्ण भएका, ब्रह्माको पाइताला मुनिबाट निक्लेका मुण्डक श्रमण (बुद्ध) कहाँ गयौ ।'

जन्मलाई भन्दा कर्मलाई बढी महत्त्व दिई बुद्धले वर्ण व्यवस्थाको खण्डन गर्दै - 'धर्म नै श्रेष्ठ छ' भनी देशना गर्ने क्रममा यी कुराहरूलाई पनि स्पष्ट पार्दै लान्छ - 'संसार प्रलय भैसकेपछि पुन: लोकको श्रृष्टि (विवर्त) हुन्छ, त्यसपछि आहार सेवनको प्रारम्भ, स्त्री र पुरुषको लिङ्ग (भालेपोथी छुट्टीने) भेद, मैथुनधर्म सेवन, खेती-बालीका साथै ब्यक्तिगत सम्पत्ति छुट्टयाउने, वितरण प्रणालीको आरम्भ, अनि यसरी चार वर्णलाई जन्म दियो (उत्पत्ति)- राजा (क्षेत्रीय), ब्राह्मण, वैश्य र शूद्र ।'

'पहिले पहिले खाद्यान्न त्यसै पाइन्थ्यो, एकजना अल्छी मानिसले बिहान-बेलुकी दुई दुई पटक गएर किन दु:ख गरेर चामल (धान) संकलन गर्न जाने ? बरू एकै चोटी लानु सजिलो भन्दै दुइचोटीको एकैचोटी लिएर आउँछ । खेतमा चामल संकलनको लागि जाउँ भन्दै बोलाउन आउँछ, दुई पटकलाई एकैचोटी ल्याइसकेको स्पष्ट पार्छ । यसरी संकलन गर्ने (जम्मा पार्ने) प्रवृत्ति अनुकरण गरिंदै लान्छ, हप्ता दिनलाई चाहिने एकै पटक ल्याउने कार्य हुन्छ । बिस्तारै व्यक्तिगत प्रवृत्ति विकास हुँदैजान्छ, बालि बाँडफाँड गरेर लिने र सीमाना निर्धारण कार्यको प्रारम्भ हुँदैजान्छ । यसरी लोभ र आशक्तिपना एकपछि अर्को गर्दै बृद्धि हुँदै जान्छ, अनि आफ्नो भाग रक्षा गर्दागर्दै मौकाछोपी अर्काको भाग हडप्ने (आफ्नो बनाउने, मातहतमा राख्ने), अर्काको खाद्यान्न लुकिछिपि



Downloaded from http://www.dhamma.digital

चोरी गर्ने जस्ता नराम्रा प्रवृत्तिको विकास हुँदै जान्छ। यसको लगतै दण्ड दिने प्रथा शुभारम्भ हुन्छ। अपराधिक कार्य नियन्त्रणार्थ नेतृत्व गर्नसक्ने (कब्जा गर्ने, शासक) व्यक्तित्ववानलाई स्वविवेकपूर्ण कार्य संचालन गर्दै लान सबैको सहमतिमा एकजनालाई नायक पदवीले विभूषित गरी सम्मत (सहमति) चढाउँछन्, यसलाई 'महासम्मत' भनिने गरिन्छ। उसै व्यक्तिलाई क्षेत्रको अधिपति भनी स्वीकार गरिने हुनाले क्षेत्रीय भन्ने चलनको शुरुवात हुन्छ। अनि धर्मानुकूल अरुहरूलाई रञ्जित (प्रेम, स्नेह, ममता) गर्ने भन्ने अर्थमा 'राजा' भनी अंगिकार (स्वीकार) गर्दै लान्छ। यसरी महासम्मत, क्षत्रीय अथवा राजाको व्यवस्था हुँदै जाने कुराका सम्बन्धमा यस सूत्रमा क्रमशः स्पष्ट उल्लेख भएका पाइन्छन्।

वास्तवमा मानव, मानव विकासक्रम, सामाजिक विकासका साथै सामाजिक बनावटको सम्बन्धका बारेमा धेरै कुराहरूको जानकारी प्राप्त गर्न यस सूत्रको ठूलो उपयोगिता रहेको कुरा मान्न सकिन्छ। ■


**धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू**

क्र.सं. २९७
**अनगारिका पताचारी**
कुंसाबहा, ब्रह्मटोल
रु. १०००/-

क्र.सं. २९८
**केदारमान शाक्य**
ह:खा टोल, ललितपुर
रु. १०१०/-

क्र.सं. २९९
**हर्षरत्न शाक्य**
टंगल टोल, ललितपुर
रु. ११०१/-

क्र.सं. ३००
**सुश्री अमृता तुलाधर**
त्यंग (न्यत) काठमाडौं
रु. १००५/-

क्र.सं. ३०१
**श्रीमती अमोघ लक्ष्मी स्थापित**
श्रीघ: काठमाडौं
१००५/-

क्र.सं. ३०२
**श्रीमती प्रविता राजकर्णिकार**
राजभण्डार, थापाथली
रु. १०१०/-


# भिन्तुना-स्वाँयापुन्हीया


✎ **गौतम वीर बज्राचार्य**
पुल्चोक, फोन ५२८००७


विश्वास व अविश्वासया दथ्वी
बाग: प्वा: छम्हू सास:
यग्गाना च्वंगु भ्हसुका:
सत्य प्व: चीगु कुतलय्
तत:धंगु सम्मेलनया ख्वा:पालं पुया:
शान्तीया नामय समानता धया:
हासा दाया: भौ ख्याय्गु अभियान
थौं थन ... ... !

स्वतन्त्रताया घोषणाया दुने कुना:
लाखय् ख्वा:पालं पुया: लाउडस्पीकर थ्वया च्वनी,
शान्ती ... ... ! शान्ती ... ... धका: ।

बुद्धया हिनुली, हि चुच्चु प्याना:
ल: ल्ह्वइपीं सुल्प्यात
हिंसाया प्रतीक बलि बेदीया आगमनय्
बुद्धत्वयात बहिष्कार याइपिं
थौं वहे बुद्धया नामं ल्हा: व्वय्का
... ... ! भिक्षा फ्वना च्वन,
धात्थें ... ... ! शान्ती अनहे जक दई
गन बुद्धत्वयात कोथलेगु अभियानय् मखु
बहुजन हितायया सिद्धान्त नाला च्वनी ।

थ्व ई "तथास्तु' या ई मखु
असमानताया बाँध तछ्याना:
प्रत्येक बिद्रोह जाम जुया च्वंगु
म्हूतु खुना:
धात्थेंगु शान्ती व स्वतन्त्रता विष्फोटन याय्
थौं थ्वहे स्वांयापुन्हीया लसताय्
भिन्तुना दु ... ... । भिन्तुना दु, सकल प्राणीपिन्त नं
बुद्धया शान्ती सन्देश न्यंक भनं न्यनेमा
मनय् छत म्हूत्वी: छता मज्वीक




Downloaded from http://www.dhamma.digital

# पवित्र भूमि लुम्बिनी - योजना र प्रगति - २

✍ देवेन्द्रराज शाक्य, बुटवल

गुरुयोजना अनुसार कार्य प्रारम्भ हुनु अगाडी लुम्बिनीमा श्री ५ को सरकारको तर्फबाट सन् १९५५ मा निर्माण गरिएको नेपाली बुद्ध विहार (थेरवादी) र धर्म स्वामी महाराज बुद्ध विहार (महायानी गुम्बा वा तिब्बती गुम्बा पनि भनिन्छ) गरी दुईवटा बुद्ध विहार मात्र थिए। सन् १९७८ मा गुरुयोजनाको स्वीकृति पश्चात विभिन्न मित्र राष्ट्रहरूबाट यस क्षेत्रमा होटल, विहार, गुम्बा, संग्रहालय, अनुसन्धान भवन आदि निर्माण गर्ने अभिरुची देखाए अनुरुप क्रमिकरूपमा निर्माणकार्य सम्पन्न हुँदै गएका छन् ।

यस पवित्र क्षेत्रमा बुद्धको शिक्षाको अझ गहन अध्ययन अनुसन्धानको सुअवसर प्राप्त होस् भन्ने उद्देश्य लिई श्री ५ को सरकारको अनुरोध अनुसार सन् १९७८ मा रेयूकाई जापानले लुम्बिनी अन्तर्राष्ट्रिय अनुसन्धान संस्थाको निर्माण शुरु गरे । यसको समुद्घाटन श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको बाहुलीबाट २०५२ माघ २३ गते तद्अनुसार सन् १९९६ फरवरी ६ तारिखका दिन सम्पन्न भएको थियो। उद्घाटन पश्चात यसको उद्देश्य अनुरुप विभिन्न देशका विद्वानहरूले भगवान बुद्धसंग सम्बन्धित विभिन्न विषयहरूमा अनुसन्धान कार्य पुरा गरिसकेका छन् । लुम्बिनी गुरु योजना तयार गर्ने जापानी वास्तुकलाविद् प्रो. केन्जो टांगेद्वारा तयार गरिएको नक्सा अनुसार निर्माण गरिएको गुम्बा शैलीको यस भवनमा साना ठूला गरी, एयर कन्डिसनयुक्त करिव ५० वटा कोठाहरू हुन् । साथै दुर्लभ बौद्ध ग्रन्थका अतिरिक्त विभिन्न विषय र भाषाका करिव नौ हजार पुस्तकहरू संकलित हुन् । समुद्घाटन पश्चात् भवन निरीक्षणको क्रममा श्री ५ महाराजाधिराज सरकार तथा श्री ५ बडामहारानी सरकारका जुनाफमा यस पंक्तिका लेखकलाई पनि अनुसन्धान संस्थाको पुस्तक प्राप्ति शाखाको कार्य प्रक्रियाको बारेमा विन्ति चढाउने सुर्वण अवसर प्राप्त भएको थियो ।

म्यानमार सरकारको तर्फबाट ८०x८० मि को क्षेत्रफलमा लोकामुनी चुलापेगोडा निर्माण गरिएको छ । यसको उचाई ७२ फिट छ। पेगोडा शैलीको यस स्तूपको चारै दिशामा बुद्धको प्रतिमा राखिएको छ भने चारै दिशामा स्तम्भ निर्माण गरी त्यसको माथिल्लो भागमा गोरु, सिंह, घोडा र हात्तीको मूर्ति राखिएको छ । यसको उद्घाटन ७ अप्रेल १९९६ मा म्यानमारका राष्ट्रपतिकी धर्मपत्नीले गर्नु भएको थियो । यस्तै म्यानमारको आफ्नै शैलीमा १२०x१२० मि. को क्षेत्रफलमा सिमागृह र भिक्षु निवासको निर्माण कार्य सम्पन्न भएको छ भने अतिथी गृहको निर्माण कार्य भैरहेको छ। लुम्बिनी उद्यान भित्र म्यानमार सरकारबाट निर्माण गरिएको स्तूप, सिमागृह एवं भिक्षु निवास अत्यन्त आकर्षक एवं दर्शनिय छ ।

लुम्बिनी उद्यान भित्र अर्को दर्शनिय स्थल चीनिया बुद्ध मन्दिर (जोङ्ग ह्वा बुद्धिष्ट मोनास्ट्री) निर्माण गरिएको छ । चीनको राजधानी बेइजिङ्गमा रहेको मन्दिरको हुवहु रुपमा १६०x१६० मि को क्षेत्रफल भित्र चीनिया शैलीमा निर्माण गरिएको यस मन्दिरमा पित्तलको कमलको फूलको आसनमा पित्तलकै भव्य, आकर्षक बुद्धको मूर्ति स्थापित गरिएको छ । आसन सहितको बुद्धको मूर्तिको उचाई करिब ११ फिट छ । यस मन्दिरको पूर्वतर्फ अतिथी निवास र पश्चिमतर्फ प्रदर्शन कक्ष निर्माण गरिएको छ। सम्पूर्ण निर्माण कार्य पूरा भैसकेको यस मन्दिरको उद्घाटन डिसेम्वर १९९८ मा हुँदैछ *( यो लेख प्रकाशित हुन्जेलसम्म यसको उद्घाटन सम्पन्न भैसक्ने छ )।*

यस पवित्र उद्यान क्षेत्र भित्र एउटा छुट्टै ध्यान केन्द्रको आवश्यकता महशुस गरी ८०x२४० मि. क्षेत्रफल भित्र पण्डिताराम लुम्बिनी अन्तर्राष्ट्रिय विपश्यना ध्यान केन्द्र नक्सा प्रो. केन्जो टाँगेले तयार गर्नु भएको थियो। यस ध्यान केन्द्र भित्र एक साथ सयजना सम्म बसी ध्यान गर्न सक्ने क्षमता भएको एउटा केन्द्रिय हल छ । यस ध्यान केन्द्रको उद्घाटन म्यानमारको प्रसिद्ध भिक्षु सयादो उ पंण्डिताविबंसज्यूबाट फरवरी १९९९ मा गर्नुभयो । हाल यस ध्यान केन्द्रको ध्यान गुरुको रुपमा भिक्षु विवेकानन्द (जर्मनी) रहनु भएको छ ।

पवित्र भूमि लुम्बिनी उद्यान भित्र एउटा अर्को भव्य विहार निर्माण भई रहेको छ- त्यो हो भियतनाम लुम्बिनी बुद्ध भूमि विहार । यस विहारको निर्माण कार्य यस क्षेत्रमा निर्माण भएका अन्य विहारहरू भन्दा सबै भन्दा पहिला शुरु गरिएको थियो तर विभिन्न प्राविधिक कारणले यसको निर्माण कार्य पूरा हुन ढिलाई भएको हो । यस विहारमा



Downloaded from http://www.dhamma.digital

भगवान बुद्धको मूर्तिको अतिरिक्त मायादेवीको मूर्ति र अवलोकितेश्वरको मूर्ति रहनेछ। साथै यसमा ध्यान केन्द्र, पुस्तकालय, सभाकक्ष पनि रहनेछ। विहारको अग्रभागमा एउटा ठूलो घण्टा राखिनेछ। १२०X१२० मि. क्षेत्रफल भित्र निर्माण भईरहेको कूल १५ मिटर उचाई रहने यस बुद्ध विहारको निर्माण कार्य ८० प्रतिशत पूरा भईसकेको छ भने अतिथी निवास एवं कार्यालयको प्रयोजनको लागि २ वटा छुट्टा छुट्टै भवन निर्माण भईसकेको छ। स्वच्छ, शान्त, हराभरा वातावरणको लागि यस विहार क्षेत्र भित्र विभिन्न दूर्लभ जातका रुख विरुवा, फलफूलका बोट लगाइएको छ। साथै केहि बोस्ट विरुवाहरू भियतनामबाटै ल्याई लगाइएको जानकारी भियतनामी डा. लामबाट प्राप्त भएको छ।

विश्वको सबैभन्दा अग्लो स्तूप यसै पवित्र भूमिमा निर्माण भइरहेको छ। निप्पोनजन म्योहोजी, जापानबाट निर्माण भइरहेको लुम्बिनी शान्ति स्तूपको गोलाई ५९ मिटर छ भने यसको उचाई ४१ मिटरको हुनेछ। यस शान्ति स्तूपको निर्माणकार्य सन् २००१ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेकोछ। *क्रमश:*

**धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू**

क्र.सं. ३०३
**श्रीमती पूर्णहीरा ताम्राकार**
काठमाडौं
रु. १०१०/-

क्र.सं. ३०४
**श्री श्यामलाल चित्रकार**
भाटभटेनी, काठमाडौं
रु. १०००/-

क्र.सं. ३०५
**श्रीमती सावित्री चित्रकार**
भाटभटेनी, काठमाडौं
रु. १०००/-

क्र.सं. ३०६
**आर्यतारा बज्राचार्य**
ठहिटी चोक, काठमाडौं
रु. १००२/-

क्र.सं. ३०७
**भिमलाल शाक्य**
निलकण्ठ गा.वि.स. वडा नं ५, धादिङ
रु. १०१०/-

क्र.सं. ३०८
**तिर्थदेव मानन्धर**
बौद्ध बृद्धाश्रम, बनेपा
रु. १०००/-

✏ **भिक्षु शोभन**
श्री सुमंगल विहार

***(क) पाँच प्रकारका स्त्रीहरूसंग संगत गर्न हुन्न।***

१. अत्यन्त रूपवती स्त्री
२. अनेकको प्रिय स्त्री
३. अति दक्ष स्त्री
४. अरूको (पराई) स्त्री
५. धनमा लुब्ध हुने स्त्री

***(ख) दश चिज (धर्म) जुन श्वत छ, आकर्षक र राम्रो छ र प्राप्त गर्न दुर्लभ छ।***

१. भोग्य पदार्थ प्राप्त गर्न दुर्लभ छ, आलस्यता बाधा हो।
२. वर्ण (सौन्दर्य) प्राप्त गर्न दुर्लभ छ, श्रृगार नगर्नु बाधा हो।
३. आरोग्य प्राप्त गर्न दुर्लभ छ, प्रतिकूल चर्या बाधा हो।
४. शील पालन गर्न दुर्लभ, कुसंगत बाधा हो।
५. ब्रह्मचर्य पालन गर्न दुर्लभ छ, इन्द्रिय संयम नहुनु बाधा हो।
६. मित्र पाउन दुर्लभ छ, विश्वास नगर्नु बाधा हो।
७. (बहुश्रुत विद्वान) हुनु दुर्लभ छ, अपुनरावृति (नदोहऱ्याउनु) बाधा हो।
८. प्रज्ञावान हुनु दुर्लभ छ, प्रश्न नगर्नु बाधा हो।
९. लोकुत्तर धर्म प्राप्त गर्न दुर्लभ छ, ध्यान नगर्नु बाधा हो।
१०. स्वर्ग (सुख) प्राप्त गर्न दुर्लभ छ, मिथ्याचरण (गलत अचरण) बाधा हो।

**NOT TO DO EVIL**
पाप कर्म कहिल्यै नगर्नु
**TO CULTIVATE MERIT**
पुण्य गर्दै जानु
**TO PURIFY ONE'S MIND.**
आफ्नो (मन) चित्तलाई शुद्ध गर्नु
*- This is the teaching of the Buddhas.*
*यहि नै बुद्धहरूको उपदेश हो।*



Downloaded from http://www.dhamma.digital

# गौतम बुद्ध र वहाँको गम्भीर धर्म

सुश्री बिनीता प्रधान "प्यासी आरती"
(मधुमारा, बिराटनगर, नेपाल)

गौतम बुद्ध एशियाको मात्र होइन, सिंगो भू-भण्डलकै एक महान विचारक हुनुहुन्छ, शान्तिका अग्रदूत हुनुहुन्छ, अज्ञानताको अन्धकारलाई नाश गरी मार्ग देखाउनु हुने एक जाज्वल्यमान दीप हुनुहुन्छ । वहाँको गुण धर्मलाई संझेर कतिपयले त वहाँलाई ईश्वरको स्थानमा राखी वहाँप्रति श्रद्धा भक्ति व्यक्त गरी पूजाआजा पनि गर्छन् । यसको मुख्य कारण वहाँको पवित्र व्यक्तित्व, निर्मल मन, शुद्ध विनय पालन, उच्च परोपकारी भावना र बहुजन हिताय बहुजन सुखायको जीवन पद्धति नै हुन आउँछ । साँच्चै भन्ने हो भने वहाँ मनुष्य लोकको तृष्णामा भुलेर बसेकाहरूको प्यासी मन, लोभ-द्वेष-मोहमा फसेर दीन दुःखी भएर बसेकाहरूको अशान्ति मनलाई सही मार्ग, यथार्थ धर्म देखाएर आफूले पनि अभ्यास गरी अरूलाई पनि अभ्यास गर्न लगाएर सुख शान्ति बाँडी हिंड्ने एक महापुरुष हुनुहुन्छ ।

प्राचीन इतिहास अनुसार गौतम बुद्ध हाम्रै नेपालमा अवस्थित लुम्बिनी बनमा सालवृक्ष मुनि कपिलवस्तु भन्ने एक शाक्य गणतन्त्रका नायक महाराज शुद्धोदनका अर्धाङ्गिनी महारानी महामाया देवीको कोखबाट बैशाख पूर्णिमाको पुनीत अवसरमा जन्मनु भएको एक राजकुमार हुनुहुन्छ ।

सिद्धार्थ राजकुमार सानैदेखि विचारशील, तार्किक र अन्तरमुखी स्वभावका थिए । गृहत्याग गरेर जान सक्ने सम्भावना तत्कालिन राजपुरोहितहरूले भविष्यवाणी गरी राजा शुद्धोदनलाई सजग पनि गराएका थिए । तद्नुसार वहाँलाई दरबारिया सुख ऐश्वर्यमा भुलाई राख्नको निम्ति रम्य, सुरम्य र शुभ नामका तीनवटा सार्है मनोहर महलहरू बनाई दिएका थिए । नर्तकीहरूका तडक भडक नाचगान र सुसारेहरूको निरन्तर सेवाको बीचमा दैनिक जीवन रंगीचंगी विलासितामा बिताउन लगाइएको थियो । तर हुर्कने बिरुवाको चिल्लो पात भने झैं सिद्धार्थ कुमारलाई यस्तो माया मोहको जंजालले खास प्रभाव पार्न सकेन । वहाँ संधै चिन्तनशील हुनुहुन्थ्यो र यी सब झिलिमिली रमझमले वहाँको मन रमाउनुको साटो झन् उल्टो मनमा विरक्त भावना बेला बखतमा जाग्थ्यो । वहाँको मनमा मानव कल्याणको, मानव सुख-शान्तिको लागि आफूले केही गरी दिनु पर्छ, केही गरेर जानु पर्छ भन्ने कुरा दीयो बले झैं बारंबार बलिराखेको थियो । राजकीय सुख सम्मान, भोग विलासप्रति अनुरागी बनाउन शुद्धोदन महाराजले सिद्धार्थ गौतमलाई १६ वर्षकै कलिलो उमेरमा देवदह गणतन्त्रीकी सुप्रबुद्धकी छोरी सुकुमारी यशोधरा देवीसंग शुभविवाह गराई सामाजिक बन्धनमा बांधी दिनुभयो ।

एक दिनको कुरा हो, सिद्धार्थ कुमारले चिन्तन गर्नुभयो । प्रत्येक प्राणी जन्मिए पछि एक दिन बुढेसकालमा लागी सबै अशक्त भएर जानु पर्ने सांसारिक नियम रहेछ, जिन्दगीको दौरानमा एक दिन जो कोही पनि बिरामी हुनु पर्दो रहेछ, एक दिन आफन्तहरूलाई रुवाई यस संसारलाई नै छोडी जानु पर्दो रहेछ र त्यागी जीवन अपनाउँदा मनमा शान्तिको भावना कायम गर्न सकिंदो रहेछ भनी विशेष किसिमले मनन गर्नु भएको थियो । जीवन-मृत्यु, सुख-दुःख, खुशी-पिडाको मर्म खोतल्दै आफ्नो जीवन-चर्या अगाडि बढाउँदै लग्नु भयो र आषाढ पूर्णिमाको दिन वहाँले संधैको लागि आफ्ना प्रिय जीवन साथी, प्रिय पुत्र, प्रिय मातापिता, प्रियजन, प्रिय घर त्यागी महाभिनिष्क्रमणको पथ अपनाउनु भयो । ६ वर्षसम्म वहाँले सत्यको खोजीमा विभिन्न गुरु कहाँ, विभिन्न ठाउँमा चारिका गर्नुभयो । अध्ययन र अनुभवको आधारमा वहाँलाई यज्ञ होम र बलिपूजाद्वारा सत्य ज्ञान प्राप्त हुने, सुख-शान्ति मिल्ने कुरामा वहाँको विश्वास हराउँदै गयो । भौतिक आवश्यकता र बौद्धिक शान्तिका बीचमा अन्तरद्वन्दको विशेष अध्ययन गर्दै जानुभयो । शरीरलाई धेरै कष्ट दिएर नियम पालना गरेमा मोक्ष प्राप्ति हुन्छ भन्ने भ्रमबाट वहाँ अनुभवकै कारणबाट मुक्त भए । सांसारिक दुःख र त्यसको कारण तथा त्यसबाट प्राणीले कसरी मुक्ति, छुट्कारा पाउन सक्छ त भन्ने प्रश्न नै वहाँको चिन्तनको मूल विषय



Downloaded from http://www.dhamma.digital

बन्न गयो । मानव जातिको प्रति मैत्री, करुणा, मुदिता र उपेक्षा भाव राख्दै आफ्नो परिश्रम सत्यको खोजनीतिमै व्यतित गर्नु भयो र ६ वर्षको कठोर परिश्रम पछि बैशाख पूर्णिमाको दिन बोधगयामा बोधिवृक्ष मुनि बोधिज्ञान प्राप्त गर्नुभयो । यस ज्ञानबाट वहाँलाई बोध भयो कि संसारमा जतातततै जुनसुकै कालमा पनि प्राणीहरू दुःखमै दुबीरहेका थिए, दुबीरहेका छन्, यी दुःखहरूको कारण छ, यी दुःखहरूको अन्त, निरोध गर्न सकिन्छ, यी दुःखहरू निरोध गर्ने मार्गहरू उपायहरू छन् ।

गौतम बुद्धले पत्ता लगाउनु भए अनुसार - संसारमा जन्म हुनु । उमेर ढल्कदै गए पछि वृद्ध-वृद्धा हुनु दुःख हो । रोगी हुनु, बिरामी पर्नु दुःख हो । परलोक हुनु, मरेर जानु दुःख हो । शोकाकुल हुनु, चिन्तित हुनु दुःख हो । निन्दित हुनु, अपमानित हुनु दुःख हो । आकुल व्याकुल भई आत्तिनु दुःख हो । अप्रिय व्यक्तिसंग बस्नु पर्ने दुःख हो । यी सबै दुःखहरूको कारण मूलत तृष्णा नै हो । तृष्णा तीन किसिमका छन् - काम तृष्णा : पंच इन्द्रियमा भुलेर बस्ने वा द्वेष भावमा, लोभमा आशक्त भई हुने तृष्णा, भव तृष्णा : फेरि फेरि जन्म लिन मन लाग्ने र भोग विलासितामा भुलेर संधै बस्न मन पराउने तृष्णा र विभव तृष्णा : फेरि कहिल्यै जन्म लिनु नपर्ने अवस्था मरिसकेपछि असल खराब कार्यको परिणाम भोग्न नपर्नेमा विश्वास भएको कारणले यहि जन्ममै बढी भन्दा बढी आनन्द, मोज-मस्ती, भोगविलासितामा भुलेर बस्न इच्छा हुने तृष्णा । यी तृष्णाहरूलाई हटाउन सकिन्छ, निरोध गर्न सकिन्छ । मध्यम मार्गको उपाय अपनायौं भने यी तृष्णाका कारणले आइपर्ने दुःखको अन्त गर्न सकिन्छ । गौतम बुद्धले बताउनु भए अनुसार हामीले आठवटा विषयवस्तुमा मध्यम मार्ग अपनाउनु पर्छ । यी हुन्- सम्यक दृष्टि (ठीक, उचित तरिकाले हेर्नु, सोच्नु, बुझ्नु), सम्यक संकल्प (ठीक, उचित उद्देश्य, लक्ष्य राखी काम गर्नु), सम्यक वाणी (ठीक, उचित तरिकाले बातचीत गर्नु, कुरा गर्नु), सम्यक कर्मान्त (ठीक, उचित किसिमले व्यवसाय चलाउनु, काम गरी खानु), सम्यक आजीविका (ठीक, उचित तरहले जीविका यापन गर्नु, जीवन चर्या व्यतित तरहले जीविका यापन गर्नु, जीवन चर्या व्यतित गर्नु), सम्यक व्यायाम (ठीक, उचित प्रकारले उद्योग, मेहनत गर्नु), सम्यक स्मृति (ठाउँ र समय हेरीकन ठीक, उचित होश पुऱ्याई काम गर्नु), सम्यक समाधि (ठीक, उचित तरिकाले मन एकाग्र गरी ध्यान गर्नु बस्नु) ।

भगवान बुद्धले बैशाख पूर्णिमाको दिन दुष्कर तपस्या पश्चात पत्ता लगाउनु भएको बोधिज्ञानको विशेषता माथि उल्लिखित यहि चार सत्य (चतुआर्य सत्य) र मध्यम मार्ग ) आर्य अष्टांगिक मार्गमा आधारित छन् । भगवान् बुद्धको धर्म यहि नै हो । यस गहन धर्मलाई भगवान् बुद्धले सबैभन्दा पहिले पञ्चवर्गीय भिक्षुहरूलाई ऋषिपतन मृगदावन सारनाथमा आषाढ पूर्णिमाको दिन विस्तृत रुपमा व्याख्या गरी देशना गर्नुभयो, जुन धर्म धारणा गरेको खण्डमा, जुन उपदेशानुसार अभ्यास गरी जीवन यापन गरेको खण्डमा जन्म-मरणबाट मुक्त भई यस सांसारिक दुःखबाट पूर्ण रुपले छुट्कारा पाउन सकिनेछ, परम शान्तिको सुख भोंग गर्ने अवसर मिल्नेछ, निर्वाण पद प्राप्त हुनेछ । वहाँले ती पाँच भिक्षुगणलाई उपदेश दिनु भएको थियो कि प्रव्रजित भइसकेकाहरूले दुई अन्त (छेउलाई त्यागी दिनु पर्छ । ती दुई अन्त हुन् - पञ्चकाम वासनामा अति आशक्त, लिप्त भई बस्नु एक र शरीरलाई अति कष्ट दिई धर्मको नाममा हठचर्या गर्नु । यी दुवैको अतिमा नगई मध्यम मार्ग अर्थात् बीचको मध्यस्थ बाटो हिंड्नु पर्दछ । त्यसो गरेको खण्डमा मात्र सोझै निर्वाण पदमा पुगिन्छ । यहि प्रथम धर्म देशनाबाट वहाँले अनुत्तर धर्मचक्र प्रवर्तन शुरु गर्नुभयो । प्रथम धर्म देशना पश्चात् नै आयुष्मान् कौण्डन्यलाई धर्माववोध भयो । अनित्य, दुःख, अनात्माको विषयमा धर्मदेशना भइसकेपछि ती पञ्चवर्गीय भिक्षुहरू सबै आषाढकृष्ण पञ्चमीको दिन एकाएक संसारबाट विमुक्त भई अरहन्त भए । त्यसैले धर्ममा आधारित सुखी सफल जीवन यापन गर्न गौतम बुद्धले देखाउनु भएको मार्ग अनुसार अति आसक्तिमय जीवन पनि होइन अति कष्टमय जीवन पनि नभई मात्र मध्यम मार्ग अपनाई क्लेशबाट अलग्ग रही निर्वाण साक्षात्कार हुने बाटोको भरोसा लिइकन जीउन सिक्नु पर्दछ । यसो गरेको खण्डमा मात्र हामीमा जीवनको हरेक क्षेत्रमा (पारिवारिक, सामाजिक, धार्मिक, व्यवसायिक, आर्थिक, राजनैतिक, इ.) आत्मसंतुष्टि पाइन्छ । संतोषी परम् सुखी, असंतोषी परम् दुःखी भन्ने चलन त छँदैछ । ■



Downloaded from http://www.dhamma.digital

# बुद्ध धर्म र गृहस्थी जीवन

✍ श्रीमती शर्मीस्था उदास
ल.पु. थसिखेल

धर्म मनुष्य जीवनको लागि अपरिहार्य आवश्यकता हो । धर्मको अनुपस्थितीमा मानिसहरूको जीवनले सार्थकता पाउँदैन । जहाँ धर्मको सून्यता रहन्छ त्यहाँ मनुष्यको जीवन निरर्थक हुन जाने भएकोले जीवनमा धर्मको ज्यादै ठूलो महत्व रहेको हुन्छ । बुद्ध धर्म मानव मात्रको कल्याणको लागि हो भन्ने कुरामा सर्वब्यापी मान्यता रहेको कुरामा अब दुइमत छैन । किनकी बुद्ध धर्मले नै एउटा परिवार, समाज र राष्ट्र अनि समुच्चा विश्वलाई नै शान्तिको सन्देश दिईरहेको हामी पाउँछौं ।

हाम्रो गृहस्थी जीवनमा पनि बुद्ध धर्मको भावनात्मक अनि आत्मिय सम्वन्ध रहन पुगेको छ । हुनत बुद्ध धर्मले गृहस्थी जीवनलाई त्याग गरेर सन्यासीको रुपलाई उत्तम मार्गको रुपमा स्वीकारेको भएता पनि गृहस्थी जीवनमा बसेर पनि यस धर्ममा मन वचन कर्मले दत्तचित्त भै लागी पर्दा पूर्णता पाउन सकिन्छ भन्ने कुरालाई स्पष्ट पारेको छ । मानिसले धर्म गर्नु भनेको एउटा औपचारिकता निर्वाह गर्नुलाई सम्झिरहेको छ र धर्म गर्नु भनेकै मन्दिरमा गएर पूजा अर्चना गर्नुलाई लिइरहेको छ । तर वास्तविक अर्थमा भन्ने हो भने एउटा निर्जिव ढुङ्गाको मूर्तिलाई पूजा गर्नाले मनको शान्ति र सन्तोष मात्र पूरा हुन सक्तछ न कि पुण्य । तर बुद्ध धर्मको उपदेशलाई अध्ययन गर्ने मनन गर्ने हो भने मन्दिरमा गएर पूजा अर्चना गर्दैमा धर्म गरेको ठहरिन्न । वास्तविक धर्म त आफूभन्दा कमजोड दीन दु:खीलाई आफूले सक्ने सेवा, सहयोग पुऱ्याउनु नै साँचो अर्थमा धर्म गरेको भन्ने कुराको मार्गदर्शन दिएको हामी पाउँछौं । साथै सेवा भन्ने केवल पैसाले मात्र हुँदैन ती सेवा भावहरू हाम्रो नित्य दिनचर्यामा गरिने कृयाकलापहरूबाट पनि गर्न सकिन्छ भन्ने कुरा बौद्ध धर्मका ग्रन्थहरूमा उल्लेख गरेको पाईन्छ ।

भगवान बुद्ध भनेर सिद्धार्थ गौतमलाई नचिनिने यो संसारमा विरलै होला । सिद्धार्थ गौतम पनि एकजना सामान्य व्यक्ति नै थिए तर वहाँले प्राप्त गर्नु भएको बुद्धत्व ज्ञानले गर्दा वहाँलाई भगवान बुद्ध भनेर सम्बोधन गर्न थालेका हुन् । अन्य प्राणी सरह वहाँले पनि राजकुलमा जन्म लिनु भएको थियो । र राजकुलको भोग विलासितामा आफ्नो समय विताइरहनु भएको थियो । साथै हरेक दु:ख पीरबाट अनभिज्ञ बनाएर वहाँलाई राजकीय भोगविलासमा अल्झाई राखेको भएता पनि वहाँले आफ्नो राज्यको भ्रमणको शिलशिलामा बाहिर घुम्न जाँदा आफूले सामना गरेका ३ वटा घटना र दृश्यले (वृद्ध, रोगी र मृत्यु) वहाँमा ठूलो विरक्तताको भावना सृजना गराईदियो । सोही घटनाको प्रभावले राजकीय सुविधाहरू र आफ्नो परिवार सबैलाई त्याग गरी राजदरवारबाट बाहिरिनु भयो । हुनत यस्तो घटना घटन सक्ने भनि सिद्धार्थ गौतम जन्मेको बेलामा नै महापुरुषहरूले भविष्यवाणी नगरेको होइन । सोही कारणले वहाँलाई राजदरवारको चारदिवारी भित्र ज्यादै सुखसयलमा हुर्काइएको पनि थियो । तर वहाँ बुद्ध भएर सम्पूर्ण विश्वलाई शान्तिको बाटो देखाउनु महामानवको रुपमा परिचित हुनु थियो त्यसैले वहाँले राजकीय सुख सुविधाहरूलाई त्यागेर शान्तिको अग्रदूतबाट विभूषित हुनु भयो र मानव मात्रको कल्याण हुने बाटो देखाउनु भयो । साथै मानिस भएर जन्म लिएपछि दु:ख, पीर, क्लेश आइपर्छ तर त्यसबाट कसरी मुक्त पाउने भन्ने कुराको पनि मार्गदर्शन गर्नु भएको छ । त्यतिमात्र नभएर मानिसले गृहस्थी जीवनमा नै धर्मको चेतना जगाई कसरी सुखमय जीवन बिताउन सकिन्छ भन्ने कुराको समेत प्रचार गर्नुभयो ।

गौतम बुद्धले बोधिसत्व ज्ञान प्राप्त गरेझैं हामीले प्राप्त गर्न नसकुँला तर वहाँको उपदेशलाई पालना गरेमा हामी मनुष्य जातीले आफ्नो परिवार, समाज, देश अनि सम्पूर्ण विश्वमा शान्तिको सन्देश फैलाउन सक्ने छौं । बुद्ध धर्मको उपदेशले संधै आफूले आफूलाई र मानिसले मानिसलाई चिन्न सिकाउँछ भने अरुको दोष देखाउनु अघि आफ्नो दोष केलाउन सिकाउँछ । धर्मको नाममा आडम्बरी नगरी दु:खी असहायहरूलाई स्नेह र माया गर्न सिकाउँछ भने जातीय भेदभावलाई पूर्णत: निर्मूल पारी एक आपसमा मेल मिलापको भावना जगाई एउटा परिवार, समाज, राष्ट्र अनि सम्पूर्ण विश्वलाई नै भ्रातृत्वको उपदेशद्वारा एकवद्ध हुन मद्दत पुऱ्याउँदछ । यस कुरालाई हामी आफ्नो सानो गृहस्थी देखी शुरु गरेर लाने बानी बसालेमा भोलि विश्वब्यापी समेत हुन सक्नेछ ।

बुद्ध धर्म भनेको नै पंचशीललाई शुद्ध मनले पालना गर्नु हो । पंचशील भन्नाले १. प्राणीघात नगर्ने २. चोरी नगर्ने ३. भ्रष्टाचार, बलात्कार नगर्ने ४. झूठ नबोल्ने र ५. जाँड रक्सी आदि नशालु वस्तुको प्रयोग वा सेवन नगर्ने । यी पाँच वटा अर्ति उपदेशलाई मात्र मानिसले राम्ररी शुद्ध हृदयले पालन गरेमा पनि आफ्नो



Downloaded from http://www.dhamma.digital

घरपरिवार मात्र नभई सम्पूर्ण समाजलाई यसले ठूलो योगदान पुऱ्याई सामाजिक उत्थानमा टेवा पुऱ्याउने छ। उपरोक्त शील पालनाको लागि घरबाट बाहिर नगई घरैमा बसेर गृहस्थी जीवनमै रहेर पनि धर्म गर्न सकिन्छ । न त यो धर्म गर्न धनको आवश्यकतानै पर्दछ । त्यति मात्र नभएर बुद्ध धर्मको उपदेश अनुसार धेरै नसकेता पनि थोरै भएपनि शुद्ध आचरण गरी बसेमा गृहस्थी जीवन सुखमय हुन्छ भने बुद्ध धर्मको ज्ञान अनुसार मध्यममार्गी भएर बस्न सके आफ्नो परिवारमा लोभ, क्लेश र झै-झगडाको वातावरण लोप हुन गई परिवारमा शान्ति सुब्यवस्था कायम हुन जान्छ । यसरी परिवार सुखमय र शान्तिपूर्ण वातावरण भएमा त्यसको प्रत्यक्ष प्रभाव समाज र राष्ट्रलाई समेत पर्नगई समाज र राष्ट्रको समुन्नतिमा समेत मद्दत पुऱ्याउने छ ।

मानिसले हरेक कुराको ज्ञान सुनेर भोगेर आफूले जान्ने उत्सुकता राखेर थाहा पाउन सकिने भएकोले गृहस्थी जीवनमा बसेर पनि हामीले बुद्ध धर्म सम्बन्धि ज्ञानहरू उपदेशहरू एवं शिलपालना आदिको अनुभूति लिई बिना परिश्रम शुद्ध मनले उक्त उपदेशहरूको पालना गर्न सकेमा गृहस्थी जीवनमा नै निखार आई व्यक्तिगत चरित्र निर्माण गर्नमा र समाजमा एउटा सचरित्रको व्यक्तित्व प्रदर्शन गर्नमा हामीलाई ठूलो मद्दत पुऱ्याउँदछ । त्यसैले गृहस्थी जीवनमा बुद्ध धर्मको महत्वपूर्ण स्थान रहेको कुरालाई मनन गरी उक्त उपदेश लाई बत्ति सम्झि अन्धकार भय जीवनको यात्रामा प्रयोगमा ल्याउन कोशिश गरौं र अन्धकार बाट मुक्ति पाई पुण्य मार्गमा सम्मिलित हुने सुअवसरको खोजीमा हामी पनि अघि बढौं यसको साथै सम्पूर्ण गृहस्थीहरूले बुद्धको उपदेशलाई मनन गरी सोही अनुसारको आचरण गरेर धर्मको बाटो पहिल्याउनमा अरुलाई पनि मद्दत गरौं र बुद्ध धर्मको शान्तिको सन्देश फैलाउँदै निर्वाणको मार्गमा दुई पाइला अघि बढौं । ■

"जन्मले मात्रै चाण्डाल हुँदैन, न जन्मले कोही ब्राह्मण नै हुन्छ । कर्मले नै मानिस चाण्डाल हुन्छ, कर्मले नै ब्राह्मण ।"

– बुद्ध (वसल सूत्र)

## २. व्रत ग्रहण गर्ने बारे आलोचना

१. पञ्चशील नै प्रशस्त किन छैन ? व्रतहरू किन आवश्यक ठानिन्छन् ? यी प्रश्नहरू बारम्बार उठाउने गरिन्छन् ।

२. गर्नेहरूले तर्क गर्दथे- बिना औषधि नै रोगको शमन हुनसक्छ भने फेरि शरीर कमजोर पर्न वमन गराउने, जुलाव गराउने र अन्य त्यस्तै औषधिहरूको के प्रयोजन ?

३. यसरी गृहस्थ उपासकहरू घरमै बसेर शील ग्रहण गरी इन्द्रियहरूको भोग भोगेर शान्त, श्रेष्ठ निर्वाण प्राप्त गर्न सक्छन् भने भिक्षुहरूले व्रत ग्रहण गर्नुपर्ने के आवश्यकता छ ?

४. भगवान् बुद्धले व्रतहरूमा नैतिकता समाविष्ट भएको कुरा सम्झाउनु भएको छ ।

५. जुन जीवन व्रत-युक्त हुन्छ त्यो जीवन नैतिक पथमा अग्रसर हुन निश्चित हुन्छ । व्रत आफैमा पतनको विरूद्ध एउटा ठूलो संरक्षण हुन्छ ।

६. जसले व्रत ग्रहण गर्दछ र स्वतन्त्र रूपले पालन गर्दछ, तिनीहरू उन्नत हुन्छन् ।

७. व्रतहरू पालन गर्नुको उद्देश्य-काम, तृष्णा, ईर्ष्या, अहंकार तथा अन्य कुविचारहरू प्रतिबन्धित गर्नु हो ।

८. जसले व्रत ग्रहण गर्दछ र पालन पनि गर्दछ, त्यो निश्चित रूपले संरक्षित रहन्छ । त्यसको मन र कर्म निर्मल हुन्छ ।

९. केवल शील ग्रहण गर्दैमा यो प्रक्रिया पूरा हुँदैन ।

१०. केवल शील ग्रहण गर्नाले पतनोन्मुख हुनुबाट त्यति बचाउँदैन जति व्रतले बचाउँछ ।

११. व्रतमा बस्नेको जीवन ज्यादा कठीन हुन्छ, तर शीलमा बस्नेको हुँदैन । मानवताको कल्याणका लागि समाजमा केही 'व्रतीहरू पनि' हुनु आवश्यक पर्दछ । यसैकारण भगवान् बुद्धले 'शील' तथा 'व्रत' दुबैको व्यवस्था गर्नुभएको हो ।



Downloaded from http://www.dhamma.digital

# बौद्ध सम्राट अशोक एवं कनिष्कका धर्मनिरपेक्षता★

अनु. विजयराज वज्राचार्य
सारनाथ

यो त सबैलाई सर्वविदितै छ कि भारतका राजाहरूमा बौद्ध सम्राट अशोक एवं कनिष्क दुई जना सबै भन्दा शक्तिशाली तथा प्रभुता सम्पन्न राजा भएका थिए। यीनीहरूको साम्राज्य निकै फैलिएको थियो । अशोकको राज्य उत्तरमा काश्मीर देखि दक्षिणमा मैसूर तथा पश्चिममा अफगानिस्तान देखि पूर्वमा उडीसासम्म फैलिएको थियो । कनिष्कको साम्राज्य पनि विस्तारको दृष्टिले कम थिएन। उसको पश्चिमी सीमा खोतान, चीन, तुर्किस्तानसम्म थियो त पूर्वमा उसको राज्य वाराणसीसम्म थियो । काश्मीर पनि उसको राज्यको एउटा अंग थियो । यी दुवै सम्राटहरूको यति ठूलो साम्राज्यमा विभिन्न जातिहरू, कबिलाहरू तथा विभिन्न भाषा, भेष-भूषा एवं परम्पराहरूका मानिसहरू निवास गर्दथे । अशोकको राजधानी पाटलीपुत्र थियो तथा कनिष्कले आफ्नो विशाल साम्राज्यको सुधारिएको प्रशासन हेतु पूर्वमा मथुरा र पश्चिममा कपिशा अफगानिस्तानमा दुईवटा राजधानीहरू बनाएको थियो। यी दुबै बौद्ध सम्राटहरूले आफ्नो राज्यलाई निकै सुसंगठित एवं सुब्यवस्थित राखिएको थियो । यिनको शासन व्यवस्था निक्कै सुदृढ थियो। प्रजा सुखि थियो र उनीहरूमा पारस्परिक आपसी सौहार्द एवं शान्ति थियो । दुवै सम्राट बौद्ध धर्मप्रति पूर्ण निष्ठावान थियो। यो पनि उल्लेखनीय छ कि दुबै राजाहरूको कालमा बौद्ध शासनलाई नयाँ नयाँ आयाम मिलेको थियो । अशोकको कालमा तृतीय बौद्ध संगीतिको आयोजन भएको थियो जसको फलस्वरुप बौद्ध धर्म-दर्शनको प्रचार-प्रसार देश-विदेशमा भयो । बुद्ध वाणीको प्रथम संस्करण जसलाई हामी आज "त्रिपिटक" को नाममा जान्दछौं, यसै संगीतिमा पूर्ण भएको थियो । कनिष्कको संरक्षणमा चतुर्थ बौद्ध संगीतिको आयोजन भएको थियो जसमा बौद्ध धर्म-दर्शनको एउटा नयाँ दिशा एवं गति मिलेको थियो। वैभाषिक, सर्वास्तिवादी तथा एतद् प्रभुत यहाँ उत्पन्न अन्य बौद्ध दार्शनिक निकायहरूलाई नयाँ प्रेरणा एवं नयाँ दृष्टिकोण मिल्यो। बौद्ध धर्म दर्शनको जुन सृजना एवं संकलन संस्कृत भाषामा भईरहेको थियो त्यो झन गतिशील भयो फलस्वरूप संस्कृतमा अनेकानेक बौद्ध धर्म दर्शनका ग्रन्थहरूको प्रणय निर्माण प्रारम्भ भयो। यस्तो भनिन्छ कि यसै युगमा चीन, तुर्किस्थान, मध्येशिया, ताजिकिस्तान जस्तो सुदूर देशहरूमा बौद्ध धर्मका प्रचार-प्रसार भएको थियो । प्राचीन चीनी भाषामा बौद्ध संस्कृत ग्रन्थहरूको अनुवाद लाखौंको संख्यामा भएको थियो जसलाई यदि कुनै भारतीय भाषामा रूपान्तरण गयौं भने करोडौं पृष्ठ छापेर हुन्थ्यो । यीनै ग्रन्थहरूको चीनी अनुवादको परम्परा संभवत: कनिष्कको युग (पाला) देखिनै प्रारम्भ भएको थियो। यसरी हामी देख्दछौ. कि यी दुवै बौद्ध राजाहरूको राजनीतिक महत्व नै थिएन (छैन) अपितु भारतीय संस्कृतिका प्रचार-प्रसारमा यीनका अमूल्य योगदान रहेको थियो।

यद्यपि अशोक र कनिष्क दुवै नै सद्धर्मको प्रति अत्यन्त निष्ठावान् थिए। तथापि उसको शासनमा सबै धर्महरूलाई समान संरक्षण दिई राखेको थियो। एकातिर अशोकले अनेक बौद्ध विहार, स्तूप आदि निर्माण गर्न लगाए त अर्कोतिर आजीवक सम्प्रदायका सन्तहरूको लागि विहार (राज्य) मा बराबरको पहाड़हरूमा गुफाहरू निर्माण गरायो। यसरी नै कनिष्कले पनि अनेक स्तूप विहार निर्मित गराए तथापि अफगानिस्तानको पुल-ए-खुमरीको नजिक पारसीधर्मसंग सम्बन्धित देवकुलको निर्माण गरेको थियो । यो उल्लेखनीय छ कि भगवान् बुद्धको शरीर धातुको प्राप्ति अशोक एवं कनिष्कको समयमै प्राप्त भएको थियो। नागार्जुन कोण्डादेखि लिएर अफगानिस्तानसम्म अनेक स्तूपहरूको उत्खनन्बाट लेख युक्त मंजुषाहरू प्राप्त भएको थियो जसमा शाक्यमुनि बुद्ध तथा अन्य बौद्ध सन्तहरूको अस्थि-अवशेष पाएको थियो । यसबाट यो स्पष्ट हुन्छ कि यी दुबै सम्राटहरूको व्यक्तिगत धार्मिक-निष्ठा बौद्ध धर्ममा नै थियो । तर हामीले यस्तो कुनै पनि प्रमाण फेला पारेको छैन। जसमा यो संकेत होस् कि यी दुवै महान सम्राट कुनै बौद्धेत्तर सम्प्रदायको प्रति अनुदार नै थियो। जसरी तीनी बौद्ध भिक्षुहरूलाई दान दिनुमा पुण्य मान्दथ्यो ठीक त्यसरी नै तीनी जैन आजीवक, युनानी, जोरोष्ट्रीयन धर्महरूका सन्तहरूको प्रति समान आदर भाव राख्दथ्यो । प्रजाको हित साधन गर्नु नै उसको एकमात्र नीति थियो चाहे त्यो कुनै पनि सम्प्रदायका अनुयायि नै किन नहोस् । फलस्वरूप उसको राज्यकालमा सुशासन सुब्यवस्था एवं शान्ति बनी रह्यो।

*क्रमश:*

★ प्रो.सी.एस. उपासक



Downloaded from http://www.dhamma.digital

# 'सत्संगत'

✍ यसोज श्रामणेर
विश्व शान्ति बौद्ध शिक्षालय

एउटा घनघोर जंगल थियो । त्यस जंगलमा एउटा ठूलो रुख थियो । त्यस रुखमा एक जोडि सुगा बस्दथे । धेरै दिनपछि ती सुगाहरूले दुईजना बच्चाहरू पाए । बच्चाहरू हुर्कदै गए । एक दिन अचानक त्यस जंगलमा ठूलो आँधिबेरी आयो । यस्तो हुँदा ती बच्चाका आमा बाबु उड्न सकेकोले, ती दुबै उडेर गए, तर ती सुगाका बच्चाहरू भने उड्न सक्दैनथे । त्यसैले ती सुगाका बच्चाहरूलाई आँधिबेरीले उडाएर लग्यो ।

यस्तो हुँदा ती आमा बाबु दुवै अर्को ठाउँमा पुगे भने तिनिहरूका बच्चाहरू अर्कै अर्कै ठाउँमा पुगे । एक जना सुगा ऋषिमुनि (तपस्वी) हरूकहाँ पुग्न गयो । तर अर्को सुगा चाहिँ चोर, डाँका, लफंगाहरू कहाँ पुग्न गयो । त्यस्तो अवस्थामा पुग्दा उनीहरूले मानिसहरूका भाषा पनि सिक्दै गए । पछि उनीहरू ठूलो भएपछि बाहिर यता उता गरी घुम्न जाने गर्दथे । ऋषिमुनिहरूसंग संगत परेको सुगाको बानी ब्यवहार भने झन् झन राम्रो हुँदै गयो । तर डाँका चोर र लफंगाहरूको संगतमा परेको सुगाको बानि भने झन् झन् बिग्रदै गयो । अरुको कुभलो गर्ने काम सोच्दथ्यो ।

एक दिनको कुरा थियो । एउटा ब्यापारी ब्यापार गर्नको लागि त्यो जंगल पार गर्नु पर्दथ्यो । त्यो ब्यापारी ब्यापार गरेर आइसकेपछि फेरी त्यहि जंगलको बाटो हुँदै आइराखेको बेलामा उसलाई ज्यादै थाकेको थियो । थकाई मेट्न त्यो ब्यापारी एउटा रुखमुनी आराम लिन बस्यो । त्यतिकैमा त्यो रुखमाथि त्यही चोर डाँका, लफंगाको संगतमा लागेको सुगा बसीरहेको थियो । जब त्यो सुगाले ब्यापारिलाई देख्यो तब त्यो सुगाले 'ए मार मार, यसको धन लुट लुट, भनि नराम्रा शब्दहरू बोले । यस्तो हुँदा त्यो ब्यापारीलाई डर लाग्यो र त्यहाँबाट भागे । केहीबेर पछि उ ऋषिमुनिहरूको आश्रममा पुगे । त्यहाँ पुग्दा उसलाई धेरै नै थाक्यो । त्यसैले त्यो ब्यापारी एउटा रुखमुनि आराम लिन भनि बसे । त्यतिकैमा एउटा सुगा आएर त्यस रुखमाथि बसेर यस्तो भन्न थाल्यो - "ए हाम्रो आश्रममा त पाहुना आउनु भएको छ" उहाँलाई स्वागत गरौं । तपाईलाई यहाँ धेरै धेरै स्वागत छ भनी मिठो बोलिमा भन्यो । यस्तो हुँदा त्यस ब्यापारीलाई त अचम्म लाग्यो । पहिलाको सुगाको बोली कडा तर अहिले चाहिँ यस्तो मन नै रमाउने गरी शान्त र मिठो बोलिमा बोल्ने सुगा ! यो कसरी भएको हो भनी ऋषिमुनीहरूसंग सोध्दा ऋषिमुनिले भने ब्यापारी बाबु, प्राणीहरू आफसे आफ यस्तो हुँदैन । यस्तो सत्संगले गर्दा हुन्छ । अघिको सुगा चोर अथवा नराम्रो बानी परेका मानिसहरूको संगतमा लागेको हुँदा त्यो सुगाको बोली वचन कडा भएको र अरुको अहित हुने काम गर्ने बानि नराम्रो मानिसहरूको संगतले गर्दा हो । तर यो ठाउँमा, आश्रममा बस्ने जुन सुगा छ, त्यो सुगा हामी ऋषि मुनिहरूको सत्संगतमा परेकोले यस्तो मिठो बोलि शान्त स्वभावको भएको भनी भने । ब्यापारीले सबैकुरा बुझेपछि ब्यापारीले पनि सतपुरुषहरूको सत्संगत गर्न लागे ।

यस प्रकार उपयुक्त शिर्षक भएको कथा सतसंगतबाट हामीले यो शिक्षा या प्रेरणा पाउँछौं की हामी सबैले सत्मार्गमा हिंड्नको लागि सत्संगत महापुरुषको संगत गर्नुपर्दछ । कुसंगतमा भने अवश्य पनि होइन । ■

## बुद्ध पूर्णिमा महोत्सव

**बुद्ध बिहार, तानसेन** । करूणा बौद्ध संघ तानसेनको आयोजनामा २५४३ बुद्ध पूर्णिमा बिभिन्न कार्यक्रमहरू संचालन गरी मनाइएको समाचार छ । छत्रराज शाक्यको अध्यक्षतामा आयोजित उक्त महोत्सवमा ज्ञानमाला भजन, बुद्ध पूजा, पंचशील प्रार्थना, प्रवचन आदि कार्यक्रम संचालन गरिएको थियो । प्रमुख अतिथि श्री भिक्षु ज्ञानरंसी (श्रीलंका) ले धर्मदेशना गर्नु भएको उक्त कार्यक्रममा अध्यक्ष छत्रराज शाक्यले पनि आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो । चुडाकर्म संघका अध्यक्ष प्रेममान शाक्य र ज्ञानमाला संघका अध्यक्ष विश्वमान वज्राचार्यले पनि आ-आफ्नो मन्तव्य ब्यक्त गर्नुभएको उक्त कार्यक्रममा कोषाध्यक्ष वीरेन्द्र काजी शाक्यले स्वागत भाषण गर्नु भएको थियो भने सह-सचिव संजयराज शाक्यले धन्यवाद ज्ञापन गर्नु भएको थियो । सचिव मदनलाल बज्राचार्यबाट संचालित उक्त कार्यक्रममा अन्त्यमा पुण्यानुमोदन गरी प्रसाद वितरण गरिएको थियो ।



Downloaded from http://www.dhamma.digital

# संयुक्त निकाय-९

- भिक्षु ज. काश्यप
- भिक्षु धर्मरक्षित
- अनु. वीर्यवती

## पाँचौं भाग

### बलेको वर्ग

**१. आदित्त सुत्त (१.५.१) लोकमा आगलागी भएको छ।**

मैले यस्तो सुनें।

एक समय भगवान बुद्ध श्रावस्तीस्थित अनाथ पिण्डकको जेतवन आराममा रहनु भएको थियो। त्यसबेला कोही देवता रात वितिसकेपछि आफ्नो रश्मिले जेतवनका सबै भागलाई चम्काई जहाँ भगवान् बुद्ध हुनुहुन्थ्यो, त्यहाँ आई बुद्धलाई अभिवादन गरी अलग्ग एक स्थानमा उभिए।

अलग्ग एक स्थानमा उभिएका त्यस देवताले भगवान् बुद्ध समक्ष यस गाथा प्रकट गरे –

घरमा आगलागी भएको बेला
जसले आफ्ना मालसामानहरू बचाई घर
बाहिर निकाल्छ,
त्यही उसको लागि भलो हुने;
होइन भने ती (सामानहरू) सबै त्यहीं जलेर
खरानी हुनेछ ॥
यसरी नै, यो सबैलोकमा पनि यस प्रकारका आगो
लागेका छन्,
ती हुन्। जरा (जीर्ण भएर जाने) को आगो,
र मरेर जानुपर्ने आगो,
(त्यसैले आफूले जति सक्छ त्यति
आफ्ना सामानहरू यस आगलागी भएको संसार
बाट) दान दिएर बाहिर निकाल।

आफूले दान दिएका सबै (पछिको लागि) राम्ररी सुरक्षित रहनेछ। (काम लाग्ने छ) ॥

दान दिएमा सुख प्राप्त हुनेछ,
दान नदिएमा सुख प्राप्त हुने छैन;

चोरले (ती सम्पत्ति) चोर्न सक्नेछ या राजाले (ती सम्पत्ति) हरण गरेर लान सक्नेछ, अथवा (ती सम्पत्तिमा) आगलागी भई सबै सम्पत्ति नाश भएर जान सक्नेछ ॥

आखिरमा त एकदिन सबै छाडेर जानु पर्नेछ, यस शरीर पनि र साथै सबै सम्पत्ति पनि। यस विषयलाई राम्ररी जानी बुझी पण्डित पुरुषले आफ्नो सम्पत्तिलाई भोग पनि गर्दछ दान पनि दिन्छ।

आफ्नो सामर्थ्य अनुसार दान पनि दिई भोग पनि गरी,
निन्दा रहित भई आखिरमा स्वर्ग लोकमा आफ्नो स्थान प्राप्त गर्दछ।

**२. किं ददं –सुत्त (१.५.२)**

**के दिनेले के प्राप्त गर्छ ?**

के दान दिएमा व्यक्तिले बल दान दिएको बराबर हुनेछ ?
के दान दिएमा व्यक्तिले वर्ण दान दिएको बराबर हुनेछ ?
के दान दिएमा व्यक्तिले सुख दान दिएको बराबर हुनेछ ?
के दान दिएमा व्यक्तिले आँखा दान दिएको बराबर हुनेछ ?
कुन व्यक्ति सबै थोक दान दिएको व्यक्ति हुनेछ ?

मैले यी सबै प्रश्नहरू सोधिराखेकोछु कृपया मलाई बताउनुहोस्-

भगवान् बुद्ध–

अन्न दान दिने व्यक्तिले बल दान दिएको बराबर हुनेछ,
वस्त्र दान दिने व्यक्तिले वर्ण दान दिएको बराबर हुनेछ,
बाहन दान दिने व्यक्तिले सुख दान दिएको बराबर हुनेछ,
प्रदीप दान दिने व्यक्तिले आँखा दान दिएको बराबर हुनेछ,

र त्यो व्यक्ति सबै प्रकारका वस्तुहरू दान दिने व्यक्ति हुनेछ,

जसले आश्रय (बासस्थान्) दान दिने गर्छ, र अमृत दिने व्यक्ति त्यो हुनेछ, जसले एक पटक भएपनि धर्म सम्वन्धि उपदेश दिएको हुन्छ।

**३. अन्न सुत्त. (१.५.३)**

अन्न सबैलाई मन पर्छ
अन्न एक मात्र त्यस्तो वस्तु हो,



Downloaded from http://www.dhamma.digital

जसलाई सबैले मनपराउँछन्,
देवता र मानिसहरू दुबैमा;
त्यस्तो कुन प्राणी हुन्छ;
जसलाई अन्न प्यारो हुँदैन ?

जसले यस्तो अन्नलाई श्रद्धापूर्वक
र अत्यन्त प्रसन्न चित्तले दान दिन्छ,
उसलाई नै यस लोकमा पनि
परलोकमा पनि यस अन्न प्राप्त हुने गर्छ ॥

त्यसैले कंजुसी बन्न छोड,
पापलाई हटाइदिने पुण्य कार्य
दान गर,
परलोकमा पुण्य नै (केवल)
प्राणीहरूको आधार हुनेछ ।

### ४. एक मूल सुत्त (१.५.४)

#### एउटा जरा भएको

एउटा जरा भएको, दुईवटा मुख भएको,
तीनवटा मल भएको, पाँचवटा जाल बिच्छाइएको,
ब्राम्हवटा भ्रमराहरू भएको समुद्र
र पाताल सबैलाई ऋषीमुनीहरूले पार
गरिसक्यो ॥★

### ५. अनोमनाम सुत्त (१.५.५)

#### सर्व पूर्ण

अनोम नाम गरिएको, सूक्ष्म द्रष्टा,
ज्ञान दिने व्यक्ति, काममा (पञ्चकाम सुखमा)
अनाशक्त, त्यस सर्वज्ञ पण्डितलाई हेर्नु,
आर्य मार्गमा हिंडिरहनु भएका महर्षिलाई ॥

### ६. अच्छरा सुत्त (१.५.६)

#### बाटो कसरी कटिने छ ?

अप्सरागणको चहल पहलले रमाइलो भएको
पिशाचहरूद्वारा सेवा गराउन पाउनु,
लोभ लाग्दो (वातावरणमा । भुलाउने,❁
त्यस्तो वन (नन्दन) हो,
बाटो कसरी कटिने होला ?▲

भगवान् बुद्ध-
त्यो बाटो ज्यादै सीधा छ,
त्यस स्थान डर र भयबाट शून्य छ✿
कुनै पनि आवाज न निकाल्ने रथ हो ।
जसमा धर्मका चक्काहरू लगाइएका छन् ।♥
'लाज' यसको बार हो✔
स्मृती त्यसमा बिच्छाइएको चादर समान हो,
धर्मलाई मैले यसको सारथी भन्छु,
सम्यक दृष्टि अगाडि अगाडि दौड्ने सवार हो ॥
जोसंग यस्तो प्रकारको सवारी साधन छ,
चाहे स्त्रीसंग होस् या चाहे पुरुषसंग होस्,
त्यसले त्यस सवारी साधनमा चढेर
निर्वाणसम्म पुग्न सक्नेछ ॥

---

★ अविद्या तृष्णाको जरा हो, तृष्णा अविद्याको जरा हो । यहाँ एउटा जरा भन्नाले तृष्णालाई नै बुझाउँछ । त्यस तृष्णा शाश्वत र उच्छेद दृष्टिको भेदबाट दुई प्रकारका मुख्य भनिएको हो । त्यसमा राग, द्वेष र मोह आदि तीनवटा मलहरू छन् । पाँच कामगुण यसका पाँच प्रकारले बिच्छाइएका जालहरू हुन् ... । यो तृष्णा कहिले पनि पूरा हुँदैनन्, त्यसैले यसलाई समुद्रको उपमा दिइएको हो । भित्र र बाहिर गरी जम्मा बाऱ्हवटा आयतनहरू छन् । त्यसैले यसलाई बाऱ्हवटा भ्रमराहरू भनिएको हो ... । तृष्णाको गहिराईको सिमाना छैन । त्यसैले यसलाई पाताल भनिएको हो । - अट्ठकथा

❁ नन्दन वन । "मोहनं वनं" (पालीभाषामा)

▲ कथं यात्रा भविस्सति-कसरी छुटकारा मिल्नेछ; कसरी मुक्ति पाउनेछ ?

✿ निर्वाणलाई लक्ष गरी भनिएको हो ।

♥ शारीरिक, चेतसिक, वीर्य- संख्यात धर्मचक्रद्वारा युक्त-अट्ठकथा

✔ जसरी साँच्चिकैको रथमा माथि बस्ने व्यक्ति तल खस्न नदिनका लागि काठमो बार लगाइएको हुन्छ, त्यस्तै यस मार्गको रथ भित्र र बाहिर 'ऱ्ही' अर्थात् पाप गर्नलाई लाज्जा बानीलाई बचाउ अर्थात् सुरक्षित बार समान सम्झनु पर्छ ।



Downloaded from http://www.dhamma.digital

# थःत सुनां भिं याई ?

✍ भिक्षु बोधिज्ञान
विश्वशान्ति विहार

मनू छम्ह बांलाक सफल जुइत यक्व हे कुतः माः । थःम्हं नं थः उन्नति वृद्धि जुये धैगु भिंगु उद्देश्य व कामना दयेमाः लिसें थः लिक्क च्वंपिं गुरु, परिवारया दुजः, अले पासाभाइपिसं नं वयात भिंके, जीके, बांलाके धैगु उद्देश्य व इच्छा दयेमाः । धात्थें थःत योपिं प्रत्येक व्यक्तिपिसं थःम्हं उन्नति वृद्धि जुइगु भिंगु चित्त तया व अनुसार शरीर व वचनं ज्या याना यंकेमाः । अथे जूसा जक वयात थःम्हं इच्छा यानाथें भिंगु प्रतिफल लाभ जुया याउंक अःपुक न्ह्याइपुक जीवन हने खनी । न्ह्याक्व हे तःधंगु उद्देश्य ज्वना च्वंसां यदि उद्योग कोशिस मयासे च्वन धायेवं वयागु इच्छा, उद्देश्य पुरे जुइ मखु । न्ह्योने तया तःगु जा नयेत तकं थःगु ल्हाः व म्हुतु मछ्चल धाःसा अथेहे शरीरया मेमेगु अंगत बांलाक क्रियाशील याये मफत धायेवं व जा थःगु प्वाथे सुरुसुरुं द्वाहाँ वनी मखु । थःगु पित्याःगु तंकेत न्ह्योने जा स्वजक मस्वसे थःगु ल्हाः व म्हुतुयात नं क्रियाशील यायेमाः । थजागु यात- लोकनीतिई थथे धया तःगु दु :-

अलस्सस्स कुतोसिप्पं, असिप्पस्स कुतो धनं ?
अधनस्स कुतो मित्तं, अमित्तस्स कुतो सुखं ?
असुखस्स कुतो पुञ्ञं, अपुञ्ञस्स कुतो वरं ?

अर्थात्- अलसीम्ह मनूयात शिल्प विद्या गनं दै ? शिल्प विद्या मसम्हसिके धन गनं दै ? धन मदुम्हसित पासा गनं दै ? पासा मदुम्हसित सुख गनं दै ? सुख मदुम्हसिनं गनं पुण्य मुंके फई ? पुण्य हे ममुंकम्हसिनं गुकथं मोक्ष (निर्वाण) प्राप्त याई ?

प्रत्येक सुखकामी, उन्नतिकामी व्यक्तिपिसं सुख जुइगु उन्नति जुइगु लँपुयात बांलाक ल्यये सयेकेमाः । छु याःसा सुख दै ? मने सन्तोष व हर्षया खुसी बा न्ह्याई ? धैगु खँयात बांलाक थ्वीका व अनुसार आचरण व कुतः यायेमाः । समाज वा प्यम्ह मनूया न्ह्योने पूजित जुया आदर्श क्यना च्वने फुम्ह ज्वीगु सयेकेमाः कि त तिरष्कार व अपहेलना याका च्वनेगु ? व थःथःगु ल्हाती दु । थःगु परिश्रमे भर परे जुई । चाहे प्रव्रजित जुइब्यु, चाहे गृहस्थी, चाहे विद्यार्थी जुइमा, चाहे ब्यापारी, चाहे न्ह्याम्हनं जुइमाः, यदि व मनूनं दृढतापूर्वक ज्या मयात अथेहे उद्योग यायेगुली कुतः नं मन्त धाःसा वयात छु दई ? व असफलता हे नर्क मखु ला ? गुबले असफलता थःम्हं भोगे याये माली व मनू निरास जुया मने उगुं थुगुं म्वा : मदुगु कल्पना व बिचाः नं थाय् कया दुःखे दुना च्वने माली । अले अज्याःपिं मनूतय्सं सुखया आशा गनं याये फई ? अथे जुया ई थः बल्लाबले, ल्यायम्हबले हे सचेत जुया भिंगु ज्या खँय् लगे जुइत भगवान बुद्धं होस बिया बिज्यात ।

- उद्योग याये माःगु समये उद्योग मयासे, बलवानम्ह युवक जुया नं मन आलसी याना म्वा मदुगु कुचिन्तना याना च्वंपिं अनुद्योगीपिसं प्रज्ञायागु मार्ग प्राप्त याये फइ मखु । *(धम्मपद -२८०)*

गुम्ह मनूनं थःगु उमेर अनुसार याये माःगु कर्तव्य धर्मयात पुरे मयासे थः यत्थे सना हाला नया जुया च्वनी वयाके थःगु जीवन गुखेपाखे न्ह्या वना च्वन धैगु नं होस दइ मखु थथे बेहोसपूर्वक जीवन व्यतीत यायां लिपा सुधार याये मफइगु अवस्थाय् थ्यने धुंका तिनि होस वयेवं व छुयाये फइ ? मात्र पश्चाताप, आलाप विलाप जक मखुला ? थःम्हं न्हापा कया च्वनागु सुख सुविधा अले होस मतसे याये माःगु ज्या खँय् वास्ता इस्ता मतःसे न्ह्याका यंका च्वंगुलिं प्राप्त जूगु दुःखदायी परिणामयात स्वया वं कपाः दाई - "अहो ! जिं छु याये लात ? आः छु याये ? न्हापा हे जिं छाये चायेके मफूगु ? धिक्कार का जिगु जीवन" धका पुलांगु खँ जक लुमंका पश्चाताप याना व याये थ्व याये मसिया झुक्रे जुया च्वने माली मखुला ? मन अशान्त जुया मिखाय् जायक ख्वबि तया च्वने मालीगु मखुला ?

थःपिसं लिपा अजागु प्रकारं दुःख सी म्वालेमाः धका हे थःपिं सचेत व जाग्रत जुया न्ह्योने वया च्वंगु ज्या खँ व कर्तव्य धर्मयात बांलाक पूवंकेमाः । मचा बलेनिसें शिल्प विद्या सकयेकेगुली कुतः यायेगु, थःगु शरीरं ब्यूबले हे धन सम्पत्ति कमे यायेगु अले थःगु मनयात बल्लाकेत धैर्यपूर्वक सह यायेगु क्षमता दयेकेत थःके मचांनिसें धर्मया अध्ययन लिसेलिसें आचरण नं याना यंकावं च्वनेमाः । गुलिं गुलिं मनूतय्सं - "आ ... धर्मकर्म धैगु बुढा ज्वीका, सी त्ययेका जक यायेगु का; आः ल्यायम्हबले फक्को मोज मस्ती याय् का ! मनू छको जन्म कया नं आः मोजमस्ती मयाःसा गुबले न्ह्याइपु तायेकेगु ? धका धारणा तया परिवार व समाजे थःगु प्रतिष्ठा मदयेक, चरित्र स्यंकः उच्छृंखल ब्यवहार याना च्वंपिं मनूत मदुगु मखु । थःत आधार भरोसा दइगु भिंगु ज्या छु इमिसं धाःथें बुढा ज्वीका, सने सिने मफेका याये फैगु खः ला ? छु सोचे यानाथें भिंगु ज्या याये अःपुला ? याउँक ज्या जू ला ? बुद्धया उपदेश दु - "थःत



Downloaded from http://www.dhamma.digital

अहित जुइगु खरावगु ज्या याये अ:पु तर थ:त हित जुइगु सुन्दरगु ज्या याये तसकं हे थाकु।" *( धम्मपद-१६३ )* भिंगु शुद्ध कर्म यायेत मनयात न्ह्याबलें जाग्रत याना तयेमा: बिना प्रयत्नं छुं नं ज्या सिद्ध याये फै मखु।

खतु भिंगु ज्या या सुखदं प्रतिफल अले मभिंगु ज्या या दु:खद परिणाम भोगे याये माली धका मनूतय्सं विभिन्न अनुभव व अध्ययनं सीका मच्वंगु मखु। अथे स्यूसां नं मनूतय्सं मभिंगु ज्या तोता भिंगु ज्या याये थाकुया च्वन। मने लोभ द्वेष मोह, अहंकार, ईर्ष्या आदि क्लेश तर्कनात बुइके अ:पु बुइँ घाँय् बुया वइथें। तर भ्कीके त्याग चेतना, व्यवहार परिशुद्ध जुइगु शील पालन यायेगु श्रद्धा चित्त वथें उखेला थुखेला मदयेक ब्वाँय् वना च्वंगु चित्तयात कजे यायेगु ध्यान भावनाया अभ्यास यायेगु ज्या याये मालकि थाकु चाये धुंकी लिसें छ्ले नं याना च्वनी छगू मखु छगू तोह चिना।

संसारय् भिंगु व मभिंगु निता ज्या दुगुलीं मभिंगु ज्या तोता भिंगु ज्या या:म्हसिनं हे दु:खयात तापाका सुख शान्तिया अनुभव याये फइ। गुम्ह व्यक्तिं शरीर वचन व मनयात संयम याना बांलागु ज्या याइ वयात न्ह्याथाय् नं आनन्द व सन्तोषया सास: ल्हायेगु अवसर दइ। थ:म्हं यानागु भिंगु शुद्ध कर्म खनकि, लुमन कि हे वयात अपार हर्षया अनुभूति जुइ। गुम्हमनू थुगु जीवन सन्तोष व सुखपूर्वक बिते याइ परलोकय् नं वयागु गति सुथां लाई। गुलिं गुलिं मनूतय्सं मती तयां च्वनी - "जित जिमि माँ-बौ-गुरु ... पिसं सुधार याई, मुक्त याना बी, जिके दुगु धन सम्पत्ति व परिवारपिसं जित तरे याना बी।" थ:त भिंकेगु सुधार यांयेगु थ:म्हं मखु, मेपिसं याइगु ख: धका मेपिनिगु भरोसाय् जक च्वनेगु स्वई, खतु थ:गु विभिन्न समस्या व ज्या खँत परिवार व पासा भाइपिनिगु ग्वाहालि मदयेकं थ: याकचां जक पूवंकेगु नं सम्भव जुइ मखु। समाजे च्वनेबले छम्हं मेम्हसित ग्वाहालि यायेगु व ग्वाहालि कायेगु पारस्परिक सद्भावया व्यवहार मदयेकं मिलेचले जुया च्वने फइ मखु। छम्ह मनूयात मेम्ह छम्ह बांलाम्ह मनूनं जीवने तधंगु सुधार हया बीफु। अथे धका थ:गु कर्तव्य पूमवंकुसे मेपिंके जक ग्वाहालि कायेगु व भरोसाय् च्वनेगु व्यवहार याना जुल धा:सा व मनू समाजे प्रतिष्ठित व्यक्तित्वया रुपे दँ वये फइ मखु। अथे हे मेमेगु क्षेत्रे नं। सामाजिक प्राणीया रुपे म्वाना च्वनापिं भ्कीपिं उद्योगी, उत्साही व थ:गु कर्तव्य पालने बांलाक होस तया न्ह्या वने फ:सा समाजया छम्ह आदर्शवान व्यक्तिया रूपय् दँ वये फइ। उकिया लागी मेपिंके दुगु मभिंगु बानीयात उलि ध्यान मब्यूसे बांलागु ज्या व गुणत खंकेगु, मेपिन्त धायेमाल धा:सा नं सुधारात्मक दृष्टिकोण तया धायेगु; सुयाकें मभिंगु अवगुणत खँ:सा जिके नं अजागु अवगुणत दुलाथें धका थ:गु चरित्र व व्यवहार अध्ययन याना यदि सुधार याये मा:गु दुसा सुधार यायेगु अले भिंगु चरित्रयात अभ्र नं वृद्धि याना यंकेगु स्वयेमा:। बुद्धया उपदेश दु - "भिंगुली वना च्वंगु मनं थ:त गुलि उपकार याइगु ख:, उलि उपकारं मां बौ थ:थितिपिसं नं याइ मखु।"

*( धम्मपद-४३ )*

गुम्ह व्यक्तिं मभिंगु ज्याय् थ:गु परिश्रम फुका च्वनी, उम्हसिया व परिश्रम नं ब्यर्थय् वनी। मभिंगु कर्मया परिणाम कथं वयात दु:खं घेरे याना च्वनी। थ:म्हं यानागु मभिंगु कर्म लुमने मात्रं हे नं मने पश्चातप जुया वाथावाथा कना च्वने माली। मभिंगु चित्त तया च्वनेगुया दुष्परिणामयात बुद्धं थथे सचेत याना बिज्यात- "वैरी वैरीयात शत्रुं शत्रुयात गुलि हानी याइगु ख:, व स्वयानं अधिक हानी मखुगु मार्गे वना च्वंगु चित्तं याई।

भगवान बुद्ध छम्ह लँ क्यना बीम्ह गुरु ख:। "ध्व भिंगु लँपु ख:, ध्व मभिंगु, थुकथं या:सा भिं जुइ, थुकथं या:सा मभिं। छिमिसं छुं ज्या यायेम्वा:; जिं छिमित दु:खं मुक्त याना बी" धका वसपोलं जिम्मा क्या बिज्याना त:गु मदु। संसारया दु:खयात अन्त यायेत वसपोलं प्यंगू आर्य सत्य व आर्य अष्टांगिक मार्गया उपदेश याना बिज्याना त:गु दु। थ:थम्हं ज्या यायेगु यायेमा: धैगु बोध याकेत व प्रेरणा बीगुया रुपय् भगवान बुद्धं धया बिज्यागु दु– "थ:म्हं यानागु पापं थ:त तुं बुलुसे च्वंकई, थ:म्हं यानागु पुण्य थ:ततुं शुद्ध याई; शुद्ध ज्वीगु व अशुद्ध ज्वीगु थ:थ:म्हं हे ख:; सुनानं सुयातं शुद्ध वा अशुद्ध याये फूगु मखु।"

*( धम्मपद - १६५ )*

## सूचना

**लेखकहरूले धर्मकीर्तिलाई लेख पठाउँदाखेरि अक्षर स्पष्ट हुनेगरी एकतर्फी मात्र लेखेर पठाउन हुन सूचित गरिन्छ।** *- सम्पादक*

**पुनश्चः समाचार पठाउँदा औंसी भन्दा पहिले नै पुग्ने गरी पठाउन हुन अनुरोध छ। ( – सं. )**



Downloaded from http://www.dhamma.digital

# २५४३ दँ स्वाँयापुन्ही

✎ भिक्षुणी चन्द्रशीला

दँय्दसंथें थुगुसी नं स्वाँयापुन्ही वल । ल्हुति पुन्ही धुंकाः वैगु थुगु पुन्ही मेमेगु पुन्ही स्वयाः अप्वः महत्वपूर्ण जू ।

बौद्ध परम्परा कथं स्वाँयापुन्ही खुन्हु सिद्धार्थ कुमार बुद्ध जुइत लुम्बिनी जन्म जुया बिज्यात । ३५ दं या ल्याय्म्हगु बैशय् बुद्धगयाय् सम्यकसम्बोधि ज्ञान प्राप्त याना बिज्यात । अले चेदं (८०) या बैशय् कुशिनगरे महापरिनिर्वाण जुया बिज्यात । थ्व स्वंगू महान् संयोग स्वाँयापुन्ही खुन्हु हे चूलाःगु जूगु जुल । उकिं स्वाँया पुन्ही बौद्धपिनिगु निम्ति छगू महानपर्व जूगु खः ।

स्वाँयापुन्हीयात बुद्धपूर्णिमा नं धाः । गनं गनं बैशाख पूर्णिमा महोत्सव नं धाः । भगवान बुद्धया जीवने जुया वंगु ततःधंगु स्वंगू महान घटनायात लुमंकाः हे थ्व पर्व हना वया च्वंगु खः ।

स्वाँयापुन्ही वल धाल कि हे बौद्ध परिषदया दुजः जुया च्वंपिं भिक्षु, भिक्षुणी उपासक व उपासिकापिनि मन गाक्कं स्वाँव्हया वैगु स्वाभाविक हे जुल । थ्व पुण्य तिथिया दिं न्ह्योने वः लिसे उपिं थी थी बौद्ध ज्याझ्व दय्काः बांलाक हनेत कुतः याई । भीथाय् काठमाडौं राजधानी बुद्ध जयन्ती समारोह समिति नाँया छगू राष्ट्रिय स्तरया समिति हे नीस्वना तःगु दु । थ्व समिति पाखें बैशाख पुन्हीया छगू वाः तक्क (सप्ताह व्यापी) कार्यक्रम न्ह्याकीगु दु । धर्मदेशना रेडियो व टेलिभिजने धार्मिक कार्यक्रम नं विशेष कथं प्रसारण जुइ । अथे हे बौद्ध शोभा यात्रा व प्रवचन गोष्ठी आदि नं संचालन जुइ । केन्द्रपाखें जिल्ला जिल्लाय् भिक्षुपिं भिक्षुणीपिं बिज्याकाः बैशाख पुर्णिमा महोत्सव झःझः धायक हनी ।

थुगु इले बौद्ध भक्तजनपिनिगु छेँय् छेँय् बौद्ध झण्डा न्ह्यइपुक फरफरे याना तई अथें हे बौद्ध ग्रन्थे आधारितं तस्विरत् नं थाय्थासे ब्वयातै । थ्व फुक्कया मू उद्देश्य खः, भगवान् बुद्धंथें सकल मनूतेसं नं थः थःगु जीवन भिंकथं हनायंके फय्मा धैगु कामना याय्गु । बुद्धयागु सत्य व शान्ति उपदेश ग्रहण यानाः थःथःगु जीवन सफल याय्त स्वेगु, प्रेरणा काय्गु ।

दकसिवे तःधंगु खँ खः बुद्धंथें ज्ञान प्राप्त याना काय्गु । ज्ञान प्राप्त मजुइकं सुंनं मनूत सुख व शान्तं च्वनेफै मखुगु जुल । उकिं ज्ञान प्राप्त याय्त दान शील भावना व प्रज्ञाया लँपुई फुफुकथं वनेगु आवश्यक जू । वथें पण्डित विद्वानजनपिंगु नं संगतयाय् सय्के माः । अले धात्थे स्वाँयापुन्ही हंगु जुई अस्तु ।

■

## सम्यक चिन्तनया मुल्याङ्कण मुंज्या

नेपाल भाषाया "सन्ध्या टाइम्से" बुधवा पतिकं युवा बौद्ध समूहया ग्वसाले पिदनाच्वंगु "सम्यक चिन्तनया मूल्याङ्कन मूज्या संघाराम विहार ढल्क्वे जेठ १५ गते खुनु साहु ज्ञानज्योति कंसाकारया मू पाहाँले झझः धायक सम्पन्न जुल ।

उगु मुंज्याय् प्रा. सुवर्ण शाक्यं धया बिज्यात उगु तँसा पौया बौद्ध लेखत थुइके अपुगु सरल भाषां पिदने मागू खँ न्ह्यथसें दक्वसिनं यो पहलं सम्यक चिन्तन स्वया च्वंगु दु धैबिज्यात । डा. केशवमान शाक्यं सम्यक चिन्तन तँसापौ पिकया युवा बौद्ध समूहं बांलागु ज्यायात धैगु खँ धया बिज्यात ।

हर्षमुनि शाक्यं बुद्धया सन्देशयात नीछगूगु युग यात ल्वेक प्रचार याय् माला च्वंगु दु धया बिज्यात । भिक्षु कोण्डण्यं सम्यक चिन्तन तँसा पौयात निरन्तरता बीगु कुतः याय्माः धया बिज्यात । प्रेमलाल चित्रकारं नं थःगु नुगः खँ प्वंकादिल ।

भाजु शान्तरत्न शाक्यया सभापतित्वे जूगु खः । भाजु त्रिरत्न मानन्धरया लसकुस न्वचु मुँज्या शुरू जूगु खः । तेजनारायण मानन्धरं सुभाय् देछाना दीगु खः ।



Downloaded from http://www.dhamma.digital

### बुद्ध धर्ममा निकाय र त्यस भित्रका विकृति

२०५६ बैशाख २५ गते। यसदिन जनक नेवा:ज्यूले "बुद्ध धर्ममा निकाय र त्यस भित्रका विकृति" विषयमा प्रवचन दिनु भएको थियो। उहाँले भन्नुभयो- "बुद्ध अनिश्वर वादी हुनुहुन्छ। उहाँले आफ्नो मार्ग आफैले बनाउनु पर्छ र आफ्नो नाथ आफै हो भन्नुभएको छ। बुद्ध धर्ममा स्वर्ग नर्कको ब्याख्या गरिरहनुलाई अन्धविश्वासको संज्ञा दिन सकिन्छ। बुद्ध परिनिर्वाण हुनु भएपछि १०० वर्ष पछि ई.पू. ३८३ मा वृद्ध र युवा भिक्षुहरू विच मतभेद उत्पन्न भएको थियो। अनि पहिला बनाइएका १० वटा नयाँ नियमहरू युवाहरूका लागि तगारो बन्न थाले। त्यसपछि गाउँघरमा गई धर्म प्रचार गर्नका लागि कामलाग्ने नियमहरू बनाइए। यसबारे विवाद भए। यसरी दुई थरी निकायहरू सृजना भए। त्यसपछि प्रगतिशील र परम्परावादी दुई थरी समूहहरू देखिए। दुई प्रकारका उद्देश्यहरू सृजना भए। अरहत्त्व प्राप्ति र महासांघिकहरूको तर्फबाट बोधिसत्व भई सत्त्व प्राणीहरूलाई परोपकार गर्ने। यसरी स्थविरवादहरू १२ वटा र महासांघिकहरूको ६ वटा गरी जम्मा १८ वटा निकाय भए। महासांघिकहरूले धर्म प्रचार गर्नका लागि निकायहरू फेरे। यिनीहरूले आफूलाई लोकुत्तरवाद भने। महासांघिकहरू महायानी भए। यिनीहरूले भक्तिवादी भई बुद्धलाई देवता मानी पूजा गरे। पाँचौं शताब्दीमा मन्त्रयान शुरु भयो। मन्त्रयानको अन्त्यमा छैठों शताब्दीमा तन्त्रयान शुरु भयो। आठौं शताब्दीमा बज्रयान शुरु भयो। यसरी थुप्रै निकायहरूको शुरु भयो।

यी निकायहरूमा पछि विकृती उत्पन्न भए। नेपालको इतिहासलाई हेर्ने हो भने पहिला लिच्छवीकालमा बुद्ध धर्ममा विकृति पैदा भयो। हिन्दूस्थानबाट शंकराचार्य आई भिक्षु भिक्षुणीहरू बीच विवाह गराईदिए। विवाह नगर्नेहरूलाई मारिदिए। यसरी नै बंगालबाट सुल्तान ससुदिन आए। यिनीहरू र त्यसबेलाका राजा मिली बुद्ध धर्मलाई हानी गर्न थाले। थुप्रै चैत्य र गुम्बाहरू बिगारे। त्यसपछि मल्लकालमा आई जयस्थिती मल्लले ४३ वर्ष राज्य गरी आफू स्थाई रुपमा रहनको लागि बुद्ध धर्म नाश गर्न हिन्दूस्थानबाट ५ जवान धर्माचार्यहरू बोलाई एउटा नीति बनाए। बुद्ध धर्मको सिद्धान्त अनुसार अहिंसावादी भई पूजापाठ गर्नेहरूलाई हिंसा गर्न जोड दिए। यसरी नै श्रीनिवास मल्ल र प्रताप मल्लले पनि आफूहरू स्थीर रुपले रहनको लागि बुद्ध धर्ममा थुप्रै परिवर्तनहरू ल्याए। राणाकालिन शासनमा पुगेपछि थेरवादीहरूलाई लोप गरी बज्रयान मात्र बाँकि राखे। वज्रयानमा धेरै विकृतीहरू देखिए। त्यसमा अरु थुप्रै अबौद्ध धर्महरू मिसिए। फलस्वरूप बुद्धलाई एक देवता मानी जाँड, रक्सी चढाई पूजा गर्न थाले। यसरी बुद्ध धर्ममा विकृतीहरू पैदा भए।

यसरी हामीले यी विकृतीहरूलाई बुद्ध धर्मबाट हटाउनका लागि अघि बढ्नु परेको छ। आफूलाई बज्रयानी भनिरहेका गुरुजुहरूले पनि शुद्ध बुद्ध धर्मलाई प्रचार प्रसार गर्नको लागि आफ्नो परम्परामा आवश्यक परिवर्तनहरू ल्याउनु परेको देखिन्छ।"

यस दिनको कक्षाको रिपोर्टर उमा मानन्धर हुनुहुन्थ्यो।

### पाँचवटा दुर्लभहरू

२०५६ बैशाख १८ गते। नियमित शनिबारको कार्यक्रममा धम्मवती गुरुमांबाट पाँचवटा दुर्लभहरूको विषयमा प्रवचन गर्नुभएको थियो। उहाँले भन्नुभयो-

१. संसारमा बुद्ध जन्म हुनु दुर्लभ छ। एकजना बुद्ध उत्पन्न हुनको लागि दशपारमिता पूरा गर्नु पर्छ।

२. मनुष्य जन्म पनि दुर्लभ छ। पञ्चशील पूरा पालन भएको व्यक्तिलाई मात्र साँच्चिकैको शुद्ध मानिस भन्न मिल्छ। तर यसरी पञ्चशीललाई पालन गर्ने मानिसहरू यस संसारमा धेरै छैनन्। त्यसैले मनुष्य हुनु पनि दुर्लभ भनिएको हो।

३. श्रद्धा सम्पत्ति दुर्लभ श्रद्धालाई फिटकिरीको उपमा दिन सकिन्छ। धमिलो पानीमा फिटकिरी राखेपछि फोहरहरू सबै सतहमा थिग्रिन्छन् र निर्मल पानी मात्र माथि तैरिन्छ। त्यस्तै राग द्वेष रूपी क्लेशहरूले धमिलो पारिरहेको हाम्रो मनमा श्रद्धा उत्पन्न भएपछि केहि क्षणको लागि भएपनि हाम्रो मन पवित्र हुन्छ। तर यो श्रद्धा सधैं स्थीर रहँदैन। बाहिरी वातावरणले तुरुन्त यस श्रद्धालाई भगाई दिन्छ र फेरि हाम्रो मनमा राग द्वेष रुपी क्लेशहरू



Downloaded from http://www.dhamma.digital

तैरिन थाल्छन् अर्थात् हाम्रो मन मैलो हुन थाल्छ। त्यसैले श्रद्धा सम्पत्ति पनि दुर्लभ छ।

४. प्रव्रजित भाव उत्पन्न हुनु दुर्लभ-

मानिसको मनमा प्रव्रजित हुने इच्छा उत्पन्न गर्न त्यति सजिलो छैन। आ-आफ्नो संस्कार नभइकन प्रव्रजित हुन सक्दैन। त्यसैले प्रव्रजित भाव उत्पन्न हुनु पनि दुर्लभ नै हो।

५. सद्धर्म श्रवण पनि अति दुर्लभ छ-

आफ्नो दुषित मनलाई शान्त पार्ने आध्यात्मिक सुख (मानसिक शान्ति) प्राप्त हुने धर्मसम्बन्धि प्रवचनहरू सुन्न पाउनु पनि दुर्लभ नै छ।

यी धर्म वाक्यहरू मध्ये हामीले संसारको सत्य वाक्यलाई सधैं सम्झिराख्नु उत्तम हुने देखिन्छ।

यस गाथालाई यसरी प्रस्तुत गर्न सकिन्छ–

अनिच्चावत सङ्खारा, उप्पादवयधम्मिनों।
उप्पाज्जित्वा निरूज्झन्ति, तेसं बूपसमो सुखो'ति।

अर्थ– संस्कार वस्तु सबै निश्चय पनि अनित्य हो, उत्पन्न हुने सबै नाश भई जाने स्वभाव हो। उत्पन्न भई नाश भइरहनु भन्दा पनि शान्त सुख नै निर्वाण (मुक्ति) हो।"

अन्त्यमा उहाँले फेरि भन्नुभयो– "हामीले मानसिक शान्ति प्राप्त गर्नका लागि बुद्ध शिक्षालाई आफ्नो जीवनमा प्रयोग गर्दै आफ्नो चित्तलाई निश्वार्थ र निर्मल पार्नु परेको छ। धर्मलाई बौद्ध र हिन्दू भनी नामाकरण गर्ने र संसारमा देवता छ, छैन भन्दै तर्क वितर्क गर्दै हिंड्नु बुद्धिमानी होइन। यो हाम्रो लक्ष्य पनि होइन। बुद्ध हुने सिद्धार्थ कहाँबाट जन्म भयो, जन्मने वित्तिकै उहाँले सात पाइला टेक्नु भएको हो, होइन आदि विषयमा तर्कना र वाद विवाद गर्दै झमेला उठाउनेतिर मात्र लागी समय खेर फाली विद्वत्ता प्रकट गरिरहनु साँच्चैको विद्वान हुनुको लक्षण होइन। यस्तो तर्कना र वाद विवादले मानसिक शान्ति प्राप्त हुन सक्दैन।"

यसदिन विकास तुलाधरले कक्षा संचालन गर्नुभएको थियो।

## स्वास्थ्य कमिटी गठन

धर्मकीर्ति विहारको ३४ औं वार्षिकोत्सवको उपलक्ष्यमा धर्मकीर्ति विहारको आयोजनामा मिति २०५६ बैशाख १० गते देखि धर्मकीर्ति स्वास्थ्य क्लिनिक पुनः सञ्चालन गरिएको छ।

सो क्लिनिक संचालनार्थ एक स्वास्थ्य कमिटी गठन गरिएको छ। उक्त कमिटीका पदाधिकारीहरू यसरी रहेका छन् -

| | | |
|---|---|---|
| *धर्मानुशासक* | - | भिक्षु अश्वघोष महास्थविर |
| *अध्यक्ष* | - | भिक्षुणी धम्मवती |
| *व्यवस्थापक* | - | भिक्षुणी अनुपमा |
| *सह व्यवस्थापक* | - | सुश्री तारादेवी तुलाधर |
| *संयोजक* | - | डा. चन्द्रेशरत्न तुलाधर |
| *सह संयोजक* | - | श्री रोशनकाजी तुलाधर |

यस धर्मकीर्ति स्वास्थ्य क्लिनिकको स्वास्थ्य विशेषज्ञहरू स्वयं सेवकको रूपमा रही यसरी सेवा गर्नुहुनेछ।

| *डाक्टरको नाम* | *विषय* | *दिन* |
|---|---|---|
| १. डा. योगेन्द्रमान शाक्य | सामान्य रोग विशेषज्ञ | औंसी |
| २. डा. चन्द्रेशरत्न तुलाधर | बाल रोग विशेषज्ञ | औंसीपछिको अष्टमी |
| ३. डा. धीरमान शाक्य | छाती रोग विशेषज्ञ | पूर्णिमा |
| ४. डा. तारा मैया शाक्य | स्त्री रोग विशेषज्ञ | पूर्णिमा पछिको अष्टमी |

रोगीहरूको आवश्यकतानुसार अन्य विषयका चिकित्सकहरूको पनि पछि व्यवस्था मिलाइने जानकारी गराइन्छ।

## सुवर्णछत्रपुर विहार लुभू

२५४३ स्वाँयापुन्हीया लसताय् सुवर्ण छत्रपुर विहार लुभु तःगुमछि ज्याभ्रो दय्का न्हिच्छिं भःभः धायक हन। बुद्धपूजा धर्मदेशना विहारया सचिव भाजु रामगोपाल सिंहपाखें जुल। वय्कलं धयादिल भीपिं विहारे जक वनां मगाः भीगु बानि ब्यहोरा नं बाँलाका यंके माला च्वंगु दु। न्हिने थी थी बाजा गाजा नापं बुद्धमूर्ति खटे तया लुभुदे चाहिका विहारे थ्यंका सकसितं धन्यवाद बिया दिल।

थन विहारे भन्तेपिं मदुसां अष्टमी पत्तिकं बुद्धपूजा व शनिबार पत्तिकं बौद्ध परियत्ति शिक्षा बीगु ज्या जुया च्वंगु दु। बरोबर विशुद्धानन्द भन्ते व मेपिं बिज्याना धर्मदेशना याना बिज्यागु दु।



Downloaded from http://www.dhamma.digital

## कंग्युर बुद्ध वचन पाठ र धार्मिक शिविर

स्थान: सिन्धुपाल्चोक जिल्ला लागर्चे गा.वि.स. वडा नं १ ओकरानी स्थित श्री शङ्गाग क्षोलिङ्ग गोम्पाको प्रमुख लामा श्री तेम्बासिं लामाको संयोजकत्वमा विश्व शान्तिका लागि कंग्युर बुद्ध वचन पाठ र धार्मिक शिविर संचालन भएको समाचार प्राप्त भएको छ ।



नेपालका विभिन्न गाउँमा खडेरी परी रोग फैलिएको र मानिसहरूको मृत्यु समेत भएको कारणले यस्ता समस्या समाधान होस् भन्ने उद्देश्यले २०५५ साल चैत्र २६ गते देखि २०५६ साल बैशाख ८ गते सम्म २७ जवान लामा गुरुहरूले एकसय थेली कंग्युर बुद्ध वचन पाठ गरी पूजा गरिएको थियो ।

साथै बैशाख ९ गते देखि १२ गते सम्म विभिन्न गुम्बाका प्रमुख लामाहरू विभिन्न गाउँ ठाउँबाट आउनु भएका भक्तजनहरूको सहभागी प्रथम बौद्ध जागरण तथा लामा प्रशिक्षण शिविर संचालन गरिएको थियो । सो शिविरमा खेनपो ङवाङ वोसेर शेर्पा लामाज्यूबाट चतुर आर्य गुण र सत्य बारे विस्तृत ब्याख्या गर्नु भएको थियो । त्यस्तै ङाघ्युर साम्बोक पलरि गुम्बाका प्रमुख लामा टासिछिरिङले पञ्चशील र बुद्ध जीवनी बारे कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रमको अन्त्यमा बैशाख १२ गते शिविरमा भाग लिएका प्रमुख लामाहरूलाई गुरु आचार्य ङवाङ वोसेर लामाज्यूबाट प्रमाणपत्र प्रदान गर्नुका साथै त्यस शिविरमा भेला हुनु भएका सम्पूर्ण भक्तजनहरूलाई छेवाङ दिनु भई कार्यक्रमको विसर्जन गर्नुभयो । यस धार्मिक कार्यक्रम श्री साङाग छोलिङ गुम्बाका प्रमुख लामा टेम्बासिं लामाको सभापतित्वमा सम्पन्न भएको थियो ।

## चैनपुरमा वैशाख पूर्णिमा

स्थान: शंखुवा सभा, चैनपुर, (श्री बोधिसत्त्व विहार) । श्री चन्द्रज्योति शाक्यको संयोजकत्वमा बौद्ध महिला संघका अध्यक्ष सुमनादेवी र प्रमोद शाक्य, जनार्दन नेपाल, पासाङ्ग बल आदिको सक्रिय सहभागितामा भगवान बुद्धको जन्म, बोधिज्ञान प्राप्त तथा महापरिनिर्वाण दिवस भव्यताका साथ सम्पन्न गरिएको छ ।

साप्ताहिक प्रवचन कार्यक्रममा प्रवचन दिनुहुने महानुभावहरू यसरी हुनुहुन्थ्यो-

श्री चन्द्रज्योति शाक्य, सुश्री हीरादेवी शाक्य, सुश्री दिलकुमारी शाक्य, श्री हर्क बहादुर खड्का, श्री मदन सिं कर्माचार्य, श्री भक्त बहादुर गोम्बा, श्रीमती कुलदेवी शाक्य, सुमना देवी आदि ।

स-साना बालबालिकाहरूबीच हाजिरी जवाफ प्रतियोगिता सम्पन्न भएको थियो । उक्त प्रतियोगितामा रत्न टोली प्रथम, संघ टोली द्वितीय, धर्म टोली तृतीय र बुद्ध टोली चौथो भएका थिए ।

भन्ते संघरक्षित समक्ष शील प्रार्थना पछि बौद्ध महिला संघका अध्यक्ष सुमना शाक्य प्रमुख अन्य गण्य माण्यजनहरूबाट पनि आ-आफ्नो मन्तव्य ब्यक्त गरेका थिए । भन्ते संघरक्षितबाट प्रवचन गर्नु हुँदै भन्नुभयो- "मान्छेको वास्तविक सम्पत्ति नै शरीर, वचन र मनबाट गरिने कुशल र अकुशल कार्यहरू हुन् । आफ्नो कर्मको मालिक आफूसंग हुने, कर्म नै आ-आफ्नो बन्धु, कर्म नै सत्य शरण हो ।"

श्री चन्द्रज्योति शाक्यको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा नगर परिक्रमा कल्पवृक्ष दान, साहित्य तथा संगीत गोष्ठी प्रतियोगिता पनि सम्पन्न भएको थियो ।

स्मरणिय छ भन्ते संघरक्षितज्यूको प्रेरणा पाएर त्यहाँ बन्द प्राय: भैसेको परियत्ति शिक्षाको कक्षा पुन: संचालन हुने कुरा बुझिएको छ ।

## चौधौं बार्षिकोत्सव सम्पन्न

शंखुवासभा, चैनपुर । चैनपुर बौद्ध महिला संघको चौधौं वार्षिकोत्सव विभिन्न कार्यक्रम गरी मनाइएको समाचार प्राप्त भएको छ । २५४३ औं बुद्ध पूर्णिमाको उपलक्षमा आउनु भएका श्रद्धेय भन्ते संघरक्षितको उपस्थितीमा शील प्रार्थना गरी शुभारम्भ गरिएको उक्त कार्यक्रममा भन्ते संघरक्षितले यस संघको उत्तरोत्तर प्रगतिको कामना गर्नुहुँदै बुद्ध धर्म प्रचार



Downloaded from http://www.dhamma.digital

प्रसारमा आउँदा दिनहरूमा पहिले पुरा गर्न नसकेका कार्य अब पुरा गर्दै लाने कुरा व्यक्त गर्नु भयो ।

सभाका अध्यक्ष दिलकुमारी शाक्यले धन्यवाद र स्वागत भाषण गर्नुभएको उक्त सभामा संघका अध्यक्ष सुश्री सुमनादेवी शाक्यले उद्घोषण गर्नुभएको थियो । कार्यक्रममा हिरादेवी शाक्य, श्रीमती कुलदेवी शाक्य, विहार संचालक समितिका अध्यक्ष चन्द्रज्योति शाक्य, श्री प्रमोद शाक्य आदिले आ-आफ्नो मन्तव्य प्रकट गर्नु भएका थिए । चन्द्रज्योती शाक्य, जनार्दन नेपाल, पासाङ वल, कमल शाक्य, प्रमोद शाक्य आदिबाट बौद्ध भजन प्रस्तुत गरिएको थियो । समाचारमा श्री सुधन शाक्यबाट उक्त विहार र संघको लागि गर्नुभएको सहयोग पनि उल्लेख गरिएको थियो ।

### २५४३ औं बुद्ध पूर्णिमा समारोह

बुद्ध जयन्तीको सु-अवसरमा सम्यक शिक्षा समूह श्री स्वयम्भू चैत्य महाविहार धरान १२ को आयोजनामा सप्ताहब्यापी कार्यक्रमहरू सञ्चालन गरी मनाइएको समाचार छ ।

उक्त सप्ताहव्यापी कार्यक्रममा प्रधान अतिथी ध.न.पा. वडा नं १२ का वडा अध्यक्ष श्रीमान किशोर राइज्यूले पानसमा दियो बाली कार्यक्रम उद्घाटन गर्नुभएको थियो ।

टोल र विहार सफाई, वक्तृत्वकला प्रतियोगिता हाजिरी जवाफ प्रतियोगिता, बाल युवा तथा प्रौढ खेलकूद, कल्पवृक्ष दान, गीतमाला भजन, बुद्धपूजा, नगर परिक्रमा आदि कार्यक्रम सम्पन्न गरिएको उक्त साप्ताहिक कार्यक्रममा प्रमुख अतिथिहरू यसरी हुनुहुन्थ्यो - श्रीमान किशोर राई, श्रीमान् बद्रीनाथ घिमिरे, शिवजी श्रेष्ठ, श्याम गोविन्द श्रेष्ठ, भिक्षु कौण्डञ्ञ आदि हुनुहुन्थ्यो भने अतिथीद्वयमा भिक्षु धर्मसागर र ध.न.पा. उपमेयर कृष्ण नारायण पालिखे हुनुहुन्थ्यो ।

कार्यक्रमका *सभापतिद्वयहरू:* सुश्री बिद्या शाक्य, सुरज शाक्य, आदि हुनुहुन्थ्यो । *संचालकद्वयहरू:* विष्णु बराल, वासुदेव बराल र केशव श्रेष्ठ हुनुहुन्थ्यो । मूल *संयोजकद्वयमा:* सुरज शाक्य हुनुहुन्थ्यो । *संयोजकमा* तेजु श्रेष्ठ, पूजा कर्माचार्य, पूनम स्थापित, विनोद शाक्य, रोहीना ताम्राकार र अशोक आदि हुनुहुन्थ्यो ।

### त्रिशुलीमा बुद्ध पूर्णिमा

श्री सुगतपुर विहार त्रिशुलीमा विभिन्न कार्यक्रमहरू सम्पन्न गरी २५४३ औं बुद्ध पूर्णिमा महोत्सव मनाइएको समाचार प्राप्त भएको छ ।

भिक्षु शोभन समक्ष शील प्रार्थना गरी बुद्ध, धर्म र संघ गुणानुस्मरण गरी बुद्ध पूजा गरिएको उक्त समारोहमा धर्मदेशना गर्नुहुँदै भिक्षु शोभनले भन्नुभयो- हामीले बुद्ध पूजा मात्र गरेर होइन बुद्धको शिक्षालाई आचरणमा ढाल्न सकेमा मात्र आफूलाई क्लेश मुक्त पारी निर्वाण प्राप्त गर्न सक्नेछौं ।"

प्रमुख अतिथि पूर्व शिक्षा तथा स्वास्थ्य मन्त्री श्री अर्जुन नरसिंह के.सी. र बोधिरत्न शाक्यज्यूले आ-आफ्नो मन्तब्य प्रकट गर्नुभएको उक्त कार्यक्रममा बुद्ध प्रतिमा रथमा सजांई विभिन्न बाजागाजा सहित नगर परिक्रमा पनि गरिएको थियो ।

### करूणा बौद्ध संघ-गतिविधि

करूणा बौद्ध संघ, बुद्ध विहार होलाङ्गदी, तानसेनमा गत २०५५ बैशाख देखि सम्पन्न भएका धार्मिक एवं सामाजिक सेवा गतिविधिहरू संक्षिप्तमा यसरी रहेको समाचार छ ।

१. २०५५ बैशाख - २०५६ बैशाखसम्म बुद्ध विहारमा नियमित मासिक धार्मिक कार्यक्रम सम्पन्न । ज्ञानमाला भजन, पंचशील प्रार्थना, बुद्ध पूजा, भिक्षु कुमार महास्थविर भिक्षु धर्मज्योती (बुद्धगया), भिक्षु ज्ञानरंसी (श्रीलंका) र धम्मदिन्ना (रेवती) गुरुमांबाट धर्मदेशना, अध्यक्ष छत्रराज शाक्यबाट मासिक करूणा बौद्ध गतिविधि प्रतिवेदन प्रस्तुत र बुद्ध धर्म सम्वन्धी प्रवचन कार्यक्रमहरू सम्पन्न ।

२. करूणा बौद्ध संघ बुद्ध विहार होलाङ्गदी र श्रीनगर विज्ञान उच्च मा. विद्यालयको विचमा सम्झौता भई विहारका २ वटा भवनहरू बहालमा दिइएको ।

३. २५४२ औं बुद्ध पूर्णिमाको उपलक्षमा २०५५ बैशाख २६ मा धर्मोदय सभा पोखराबाट आयोजित प्रवचन गोष्ठीमा अध्यक्ष छत्रराज शाक्य सहभागी हुनुभएको र बैशाख २७ गते उपाध्यक्ष विश्वमान बज्राचार्यको अध्यक्षतामा बुद्ध विहारमा प्रवचन कार्यक्रम सम्पन्न ।

४. करूणा भवन निर्माण कार्यका लागि सहयोग क) करूणा भवन निर्माणार्थ दुई वर्षको लागि निर्ब्याजी ऋण प्रदान गरी विभिन्न महानुभावहरूले सहयोग गर्नु भएका थिए । ती महानुभावहरूको नाम यसरी उल्लेख गरिएका छन् ।

| | | |
|---|---|---|
| १. | श्री छत्रराज शाक्य तानसेन- | ५०००/- |
| २. | श्री विश्वमान बज्राचार्य तानसेन- | ५०००/- |
| ३. | श्री दुर्गाराज शाक्य, तानसेन- | ५०००/- |
| ४. | श्री सन्तलाल बज्राचार्य, तानसेन- | ५०००/- |



Downloaded from http://www.dhamma.digital

५. श्री बाबुकाजी शाक्य, भोजपुर- ५०००/-
६. श्री दशरथ मुनि शाक्य, तानसेन- ५०००/-
७. श्री लक्ष्मीकाजी शाक्य, तानसेन- ५०००/-
८. श्रीमती सुमना देवी, बुटवल- ५०००/-
९. श्रीमती उत्तरा गुभाजू, बुटवल- ५०००/-

ख) चन्दा दाताहरू-

१. श्री छत्रराजशाक्यं, तानसेन- ५००/-
२. श्रीमती सूर्य कुमारी शाक्य (गोरी) तानसेन- ५००/-
३. श्री सानुकाजी शाक्य, तानसेन- ५००/-
४. श्रीमती बेटीमाया गुभाजू, तानसेन- १०००/-
५. श्री उत्तममान बुद्धाचार्य, पोखरा- १०००/-
६. श्री वृजराज शाक्य, बुटवल- १०००/-
७. श्री अ. धम्मदिन्ना, तानसेन- ५३२/-
८. श्री सन्तलाल बज्राचार्य, तानसेन- ५००/-
९. भिक्षु कुमार काश्यप महास्थविर आनन्दकुटी, स्वयम्भू- ४१६५/-
१०. करूणा अक्षय कोष, क.वौ.स. बुद्ध विहार, होलाङ्गदी- ६३४५/-

ग) जिन्सी सामान दिई सहयोग गर्नु हुने दाताहरू-

१. श्री सिताराम उप्रेती, लुम्बिनी रोड, शिद्धार्थ नगर - १ ट्रक गिट्टी
२. श्री विश्वमान बज्राचार्य, भिमसेन टोल, तानसेन - १० बोरा सिमेन्ट
३. श्री ज्ञानमाला संघ, आनन्द विहार, तानसेन - ९ थान कर्कट टीन पाता
४. श्री श्रीनगर विज्ञान उच्च मा. विद्यालय, तानसेन - बाँसहरू, काठहरू

### बुद्ध पूर्णिमा महोत्सव

०५६ वैशाख १८ गते । स्थान-म्याग्दी बेनी । म्याग्दी बौद्ध संघको आयोजनमा यहाँ २५४३ औं बुद्ध पूर्णिमा वडो भव्य एवं उल्लासमय ढङ्गले सम्पन्न गरिएको समाचार प्राप्त भएको छ ।

विहान ७ बजे देखि बेनीका बुद्धिजीवी शिक्षक विद्यार्थी, कर्मचारी एवं बौद्धमार्गीहरूको सहभागितामा शान्ती पदयात्रा शुरु गरी बजार परिक्रमा पश्चात बौद्ध विहार निर्माणस्थल खोरियामा उक्त कार्यक्रम सम्पन्न गरिएको थियो । कार्यक्रममा काठमाडौंबाट आउनु भएका भिक्षु प्रज्ञामुर्तिद्वारा गौतम बुद्धको जीवनी र उहाँबाट प्रतिपादित सिद्धान्तका विषयमा प्रवचन गर्नु भएको थियो । उक्त कार्यक्रममा म्याग्दी बौद्ध संघका सल्लाकारहरू नैनकुमार श्रेष्ठ, हरिकुमार श्रेष्ठ, शुदर्सन कुमार श्रेष्ठ र बाग्लुङ्गका नारायण प्रसाद श्रेष्ठले आ-आफ्ना विचारहरू व्यक्त गर्नु भएको थियो । म्याग्दी बौद्ध संघका अध्यक्ष प्रकाश श्रेष्ठको सभापतित्वमा संचालित उक्त कार्यक्रममा सदस्य अजयमिलन श्रेष्ठले स्वागत मन्तब्य र सचिव याम शाक्यले उद्घोषक गर्नु भएको थियो ।

कार्यक्रम पश्चात बौद्धमार्गीहरूको विशाल समूहले ज्ञानमाला भजन साथ रथ यात्रा गरी बजार परिक्रमा गरेका थिए भने साँझ लक्ष्मी नारायण मन्दीरमा ज्ञानमाला भजन प्रस्तुत गरिएको थियो । यसै सन्दर्भमा १६ गते विहान म्याग्दी अस्पतालका विरामीहरूलाई म्याग्दी जिल्लाका प्र.जि.अ. दुर्गा प्रसाद घिमिरे, सहायक प्र.जि.अ. बुद्धी ब.के.सी., प्र.ना.उ. राम कुमार क्षेत्री, अस्पतालका डा. प्रकाश खतिवडा र स्थानिय वयोबृद्धहरूको हातबाट फलफूल तथा दूध वितरण गरिएको थियो ।

### दोश्रो वार्षिक समारोह

ललितपुर, जेठ ८ गते । बुद्ध धर्मका तीन अंगहरू श्रावकयान, महायान र वज्रयान यी तीनै यानहरूलाई समन्वयात्मक रूपले अगाडि बढाउने उद्देश्यले स्थापित नेपाल बौद्ध परिषद द्वितीय वार्षिक समारोहको समुदघाटन सेतो गुम्बा फूलबारीका लामा भिक्षु उग्येन शेरवबाट सुसम्पन्न भयो ।

अखिल नेपाल भिक्षु संघका अध्यक्ष भिक्षु कुमार काश्यप महास्थविरको सभापतित्वमा संचालित उक्त समारोहमा नेपाल बौद्ध परिषदद्वारा प्रकाशित बुद्धयान स्मारिकाको विमोचन भिक्षु अश्वघोष महास्थविरबाट भएको थियो । स्वागतगानबाट शुरु भएको उक्त कार्यक्रममा परिषदको उपाध्यक्ष शान्तहर्ष वज्राचार्यले परिषदको गतिविधि तथा श्रावकयान, महायान र वज्रयानीहरूले आ-आफ्नो तरिकाबाट बुद्धले देशना गर्नु भएको धर्म प्रचार गर्दै रहनु भएको विषयमा चर्चा गर्नु भयो । त्यसपछि परिषदबाट संघनायक भिक्षु अनिरुद्ध महास्थविरलाई दोसल्ला ओढाई सम्मान गरिएको थियो । त्यस्तै हेटौंडा स्वर्ण भण्डारका महारत्न वज्राचार्यलाई र परिषदका सक्रिय कार्यकर्तालाई धर्म "निभा" लाई पनि दोसल्ला ओढाइ सम्मान गरिएको थियो ।

उक्त अवसरमा संघनायक अनिरुद्ध महास्थविर, भिक्षु अश्वघोष, कृष्ण प्रसाद श्रेष्ठ, श्री सुवर्ण शाक्य, परिषदका अध्यक्ष महिश्वरराज वज्राचार्य,



Downloaded from http://www.dhamma.digital

महारत्न वज्राचार्य, विमला मानन्धर, गोपाल मान श्रेष्ठ, परिषदका उपाध्यक्ष तेजरत्न शाक्य तथा परिषदका सचिव लक्ष्मण शाक्यले बोल्नु भएको थियो । लामा उगेन शेर्बुले प्रदीप प्रज्वलन गरी उद्घाटन गर्नु भएको थियो ।

## बुद्ध पूर्णिमा

२५४३ औं बुद्ध पूर्णिमाया पुनीत अवसरय् २५४३ औं बुद्ध जयन्ती समारोह समिति, लोक किर्ती महाविहार, नकबहीलया आयोजनाय् संचालन जूगु समाचार दु । मयूर वर्ण महाविहारपाखें पा: कया: हया जेष्ठ ९ गते (अष्टमी) खुन्हु बुद्ध पूजा व पं. बद्री वज्र वज्राचार्यपाखें प्रवचन याना जेष्ठ पुन्हीनिसें लय्. लय् पतिकं भन्ते गुरुमाँ पिं पाखें धर्मदेशना याना बिज्यापिं भन्ते व गुरुमाँपिं

| | | |
|---|---|---|
| जेष्ठ | पूर्णिमा | - भिक्षु बुद्धघोष, भिक्षु सुर्दशन |
| असार | ,, | - श्रामणेर सुशोभन |
| श्रावण | ,, | - भिक्षु सुमेध |
| भाद्र | ,, | - भिक्षुणी अ. धम्मवती |
| आश्विन | ,, | - अ. धम्मवती |
| कार्तिक | ,, | - अ. कुसुम |
| मंसिर | ,, | - भिक्षु नराधिप |
| पौष | ,, | - अ. ञाणवती |
| माघ | ,, | - भिक्षु सुनन्द |
| फागुन | ,, | - अ. वीर्यवती |
| चैत्र | ,, | - भिक्षु अश्वघोष |

## निक्व:गू साधारण सभा उलेज्या

शान्तिया महानायक तथागत बुद्धया शीलामूर्ति नगदेश बुद्ध विहारे च्यादँ (८) न्ह्यो पलिस्था याना अनावरण जूगुया लुमन्ती दिने जूगु नगदेश बौद्ध समूहया निक्व:गू साधारण सभाया उलेज्या श्रद्धेय भिक्षु अश्वघोष महास्थविरं याना बिज्यागु समाचार दु । उगु ज्या झ्वस नगदेश बौद्ध समूहया नायो भाजु ज्ञानकुमार वाडेजुं या सभापतित्वे जूगु ख: ।

नगदेशया इतिहासय् स्वर्णाक्षरं अंकित जूगु थुगु भिं दिने नगदेश बुद्ध विहारे बुद्ध पूजा, साधारण सभाया उलेज्या समारोह जूगु जुल । उगु ज्याझ्वस नगदेश बौद्ध समूहया छ्याञ्जे भाजु कृष्णाकुमार प्रजापतिजुं विहारया प्रगति प्रतिवेदन न्ह्यब्वया दिलसा मू पाहाँ कथं उलेज्या याना बिज्याम्ह श्रद्धेय भिक्षु अश्वघोष महास्थविरजुं विहारय् झाइपिं व मझाइपिनिगु दत्थुई पह: चह: बानी ब्यहोराय् चाल चलनय् पाय् मा:गु दुग्यंगु बिचा: प्वंका बिज्यात । विहारे झा:थें थ:थ:गु पह: चह:ले सुधार याय्गु, हयेगु नं याय् माल । थुकीयात हे बौद्ध पह:चह: धाय्माली धका नं ध्वाथुजुइका कना बिज्यात ।

थ्व हे सभाय् मध्यपुर विकास मञ्चया नायो भाजु तुल्सीमान दुवालजु, थेरवाद बौद्ध दायक केन्द्रीय परिषदया सल्लाहकार भाजु लोक बहादुर शाक्य व बौद्ध विद्वान भाजु डा. सानुभाई डंगोलजुं नं शुभकामना मन्तब्य ब्युसे थ:थ:गु नुग: खँ प्वंका दिल । उगु सभाय् नगदेश बौद्ध समूहया न्वकु भाजु दीपकराज साँपालजुं लसकुल न्वचु बिया दिसे सभा नं न्ह्याका दिलसा समूहया दाँभरी भाजु रामभक्त हाय्जुं सुभाय् बिया दीगु जुल । बन्द शेसनंया अध्यक्षता कृष्णा चरण श्रेष्ठजुं याना दिलसा सकल साधारण सभा ज:पिनिगु सर्वसम्मतिं भाजु ज्ञानकुमार बाडेजुया अध्यक्षताय् झिंन्याम्हेसियागु कार्य समिति नी स्वनेगु ज्या जुलसा न्वकु, दाँभरी व छ्याञ्जे पदय् छसिकथं भाजु दीपकराज साँपालजु, भाजु रामभक्त हाँय्जु व भाजु कृष्णाकुमार प्रजापतिजु ल्येया दिलसा दुज:लय् छसिकथं भाजु न्हुछेकुमार सिंकेमन, पञ्चनरसिं बाडे, काजिनसिं कवाडी, कृष्णबहादुर बाडे, अष्टमान ब:सी, लक्ष्मीकृष्ण कोजु, पञ्चबहादुर कोजु, कसंबहादुर कोजु, रामकृष्ण अवाल, रामबहादुर कोजु व भाजु तुल्सीमान दुवालजुयात ल्येया दिगु जुल ।

## धर्मदेशना कार्यक्रम

गौतम बुद्धया बहुजन हिताय जुइगु शिक्षा प्रचार याय्गु मनसुवा तया यलया युवा बौद्ध कमिटी झतापोल पाखें लच्छि छक त्वात्वाले धर्मदेशना याकेगु गोसाकथं थ्व वंगु जेठ १३ गते यलया भिंछे बहाले भिक्षु अश्वघोष महास्थविरपाखे बाखँ कनेगु ज्या पूवन । वसपोलं धया बिज्यात धर्मया खँ न्यना अज्ञानिपिं ज्ञानी जूगु घटना हया ध्वाथ्वीक धर्मदेशना याना बिज्यात ।

धर्मदेशना लिपा भिंछे बहाया टोल सुधार समितिया नायो भाजु नन्दराज बज्राचार्य थ:गु थौंयागु तालिम समाजयात थौं कना बिज्यागु बुद्धया उपदेश बारम्बार न्यने दसा ज्यू धैगु थ:गु नुग: खँ प्वंका बिज्यात । अन्ते कमिटिया सचिव विस्सन्तर शाक्यपाखें मागु गुहाली ब्यूपिन्त धन्यवाद बिसें लिपाया असार १३ गते ओकुबहाले थौंथें धर्मदेशना जूइगु सुचं बिया बिज्यात ।



Downloaded from http://www.dhamma.digital

# हित हुने कुराको अनुशरण गर्नुपर्छ

- मेघदूत

आजको छलफल कार्यक्रममा भिक्षुहरूको पनि उपस्थिती देखियो नि। त्यसैले आजको कार्यक्रम अलि प्रभावशाली हुने जस्तो देखिन्छ। शायद छलफल कार्यक्रमको सकारात्मक प्रभाव परेकोले होला।

धेरैवर्ष थाइलैण्डमा भिक्षु भएर हाल गृहस्थी भएको ब्यक्तिले भन्नथाल्यो- "म यहाँहरू समक्ष थाइलैण्डको एक नौलो घटना बारे जानकारी दिन चाहन्छु। थाइलैण्डमा एउटा भिक्षुले धेरै बुद्ध मूर्ति मात्र राखी बुद्ध मन्दिर बनाउन लागेको थियो। तर यसरी बुद्ध मूर्ति राखी विहार मात्र बनाउने कार्य बुद्ध धर्मलाई नसुहाउने कार्य वा बुद्ध धर्मको प्रतिकूल कार्य हो भन्ने प्रतिवादहरू निस्कन थाल्यो। किनभने बुद्धको उपदेश अनुसार मानिसहरूको मुख्य लक्ष त आफ्नो चरित्रलाई सुधार गर्नु हो। त्यसैले यसरी बुद्ध मूर्ति राखी विहार बनाउने कार्यमा तल्लिन त्यस भिक्षुलाई थाइलैण्डकै धर्म चैत्य निकाय भिक्षु संघले चीवर छाड्न लगाउने निर्णय गरियो। त्यसैले हाल त्यस भिक्षु भूमिगत भई बसेको छ। उसलाई दिन लागेको यो सजायँ कहाँसम्म उचित छ?"

थाइलैण्डमै बसेर आएका अर्कै एकजना भिक्षुले भन्नथाल्यो - "यहाँ पहिले सत्यकुरा स्पष्ट हुनुपर्‍यो र खास कुरो बुझ्नु पर्‍यो नि। मैले सुने अनुसार त्यस भिक्षुले मूर्ति बनाउनको लागि जसले दश हजार भन्दा बढि खर्च गर्छ त्यसलाई धेरै पुण्य लाभ हुन्छ भन्दै प्रचार गरेका थिए रे। त्यति मात्र होइन, त्यस भिक्षुले आफ्नै एक अलग्ग निकाय बनाउने प्रस्ताव पनि राखेको थियो रे। यो कार्य त बुद्ध धर्मसंग बिल्कुल नमिल्ने विपरित कार्य भएकोले भिक्षु संघले त्यस भिक्षुलाई चीवर छोडाउने निर्णय गरेको रे। अर्को एकजना भिक्षुले भगवान् बुद्धको पालामा बुद्धले कुनै भिक्षुलाई दण्ड दिने बेलामा चीवर नै छोडाउने गरी दण्ड दिएको त देखिन्दैन। अर्का एकजना भिक्षुले संघलाई नमिल्ने विपरित कार्य गर्ने भिक्षुहरूलाई भिक्षुत्त्वबाट पतन गर्ने वा सामाजिक बहिष्कारसम्म गरेको भने देखिन्छ। यति मात्र गरेपनि चीवर छोड्न लगाएको बरोबर नै हुन जान्छ।"

अर्का एकजना भिक्षुले भन्नथाल्यो- "जेसुकै होस्, थाइलैण्डमा बुद्ध मूर्ति निर्माण गरी विहार बनाउने कार्यको लागि विरोध गरी आवाज उठेको यो एक नौलो क्रान्तिको शुभ लक्षण हो। यस्तो आवाज उठाउनु त मनाशिव नै देखिन्छ। किनभने थाइलैण्डमा भिक्षुहरूले देशको बिग्रंदो आर्थिक अवस्था र गरीबी हटाउने कार्यतिर ध्यान नै नदिई आफ्नै धुनमा लागी करोडौं र अरबौं पैसा खर्च गरी बुद्ध मूर्ति मात्र निर्माण गरी बिदेशी बौद्ध देशहरूमा पठाउन तल्लिन देखिन्छन्।

बुद्ध मूर्ति नभएको ठाउँमा त मूर्ति पठाउनु उचित नै हुनेछ। तर बुद्ध मूर्ति भएका विहारहरूमा पनि बुद्ध मूर्ति स्थापना गर्दा त्यहाँ अर्को एक नयाँ समस्या उत्पन्न हुन थाल्छ। त्यो समस्या हो, नयाँ बुद्ध मूर्ति राख्नको लागि अर्कै भवन बनाउन पर्‍यो। भवन बनाउनलाई जग्गा चाहियो। भवन बनाउनको लागि रकम चाहियो। यसरी बुद्धको ज्ञानलाई अभ्यास गर्नेतिर नलागी भक्तिमार्गतिर मात्र लाग्ने यस अभियानलाई बुद्ध शिक्षा विपरितको विकृति भने पनि केही फरक पर्दैन।"

ज्यापु महागुठीका एक कर्मठ कार्यकर्ताले फेरि अर्को नौलो प्रश्न उठाउन थाल्यो- "गाउँ गाउँतिर बुद्ध धर्म प्रचार गर्न जाँदा शुरुमा नै पञ्चशीलको ब्याख्या गर्दै पञ्चशील पालन गर्नमा जोड दिने प्रथाले अलि अप्ठ्यारो पारिराखेको देखिन्छ। त्यसैले सबभन्दा पहिले त उनीहरूलाई बुद्धको उच्च चरित्रबारे ज्ञान दिलाउनु पर्‍यो। त्यसपछि उनीहरू इमान्दार बनी हरेक क्षेत्रमा बिश्वास पात्र बन्न मेहनत गर्नु पर्ने विषयमा ज्ञान दिनु राम्रो हुनेछ। त्यसपछि मात्र बिस्तारै पञ्चशील १. प्राणीहरूको शरीर र मनमा पीडा हुने कार्य नगर्ने २. चोरी कार्य नगर्ने ३. बलात्कार र अत्याचारी कार्य नगर्ने, ४. आफ्नो स्वार्थको बसमा रही असत्य र असभ्य बोली वचन प्रयोग नगर्ने, र ५. जाँड रक्सी जस्ता शरीरलाई बेहोस पार्ने पदार्थहरू सेवन नगर्ने आदि बारे ज्ञान दिने गर्नु पर्छ जस्तो लाग्छ।"

अर्का एकजना ब्यक्तिले भन्यो- "यी सबै कुराहरूलाई अध्ययन गरेर हेर्ने हो भने सैद्धान्तिक र व्यवहारिक कुराहरू बिच समन्वय हुने गरी धर्मप्रचार गर्नु मात्र राम्रो हुने देखिन्छ।"

लौ त अहिले पानी पनि पर्ला पर्ला जस्तै भैसकेको छ। धेरै टाढा पुग्नु पर्नेहरूलाई अप्ठ्यारो पर्ला। त्यसैले आजलाई यत्तिकैमा कार्यक्रम टुंग्याउनु पर्ला। आजलाई बिदा।



Downloaded from http://www.dhamma.digital

बा.अ.का.द.नं. - ७०/०४०/४१

सम्पादकीय

# बुद्धको शिक्षा प्रचार

आजभोली युवा वर्गमा बुद्ध शिक्षा अध्ययन गर्ने जागरण र हौसला बढिरहेको कुरो सुन्नमा आएको छ। यसलाई हामीले एउटा शुभ समाचारको रुपमा लिन सक्छौं। तर बुद्ध शिक्षाको प्रचारमा भने त्यति प्रगति भएको देखिँदैन। काठमाडौं शहर भित्र नै बुद्ध शिक्षा प्रचारमा कमी महशूस गरिन्छ भने उपत्यका बाहिरको के कुरा गर्नु ? बुद्ध शिक्षा अध्ययन गरेर मात्र पुग्दैन। अध्ययन गरिसकेपछि यसलाई मनन गरी आफ्नो व्यवहारमा पनि उतार्ने कोशिस गर्नुपर्छ।

तर बुद्ध शिक्षालाई व्यवहारमा उतार्ने काम त्यति सजिलो छैन। यसको लागि सामाजिक वातावरण र व्यक्तिको चरित्रलाई ध्यान दिनु आवश्यक छ। बुद्धले कसैलाई पनि एकैचोटी धर्मलाई व्यवहारमा उतार्न जोड दिनु भएको छैन। उहाँको भनाई यसरी उल्लेख गरिएको छ।

"सुनाथ धारेथ चराथ धम्मे"

*अर्थात्*-"पहिले ध्यान दिएर सुन, त्यसपछि मनन गर, ठीक छ कि छैन, काम लाग्ने हो कि होइन।
ठीक संग बुझेपछि मात्र विश्वास गरेर त्यसलाई आफ्नो आचरणमा ढाल्ने कोशिस गर।"

मानिसहरूको आचरण शुद्ध पार्नु नै बुद्ध शिक्षाको मुख्य उद्देश्य हो। त्यसैले मानिसहरूले काम गर्दाखेरी आदर्शवादी बन्नुभन्दा यथार्थवादी र स्वाभाविक हुनुपर्छ। जुनसुकै कुरा गरेपनि, काम गरेपनि त्यसबाट आफूलाई पनि अरूलाई पनि हित गरेको हुनुपर्छ। सेवाभाव सहितको कार्य हुनुपर्छ। यदि सेवा नै गर्न नसके पनि अरूलाई बाधा नपुग्ने र अप्ठ्यारो नपर्ने तरीकाले काम र कुरा गर्न सके राम्रो हुनेछ। यसको लागि हामीले सकभर अरूको गल्तीहरू नखोज्ने बानी बसाल्नु पर्‍यो। यति गर्दा गर्दै पनि अरूको गल्ती पत्ता लागिहाले पनि त्यस्तो गल्ती आफूबाट पनि हुन पुगेको छ कि छैन त्यस तर्फ सचेत भइरहनु राम्रो हुनेछ। यो बुद्धको शिक्षा हो।

यदि आफ्ना आफन्त र साथीभाईहरूले नराम्रा काम गरेका छन् भने पनि आफूले कल्याण मित्रको रूपमा ठीक समयमा उनीहरूलाई राम्रो सुझाव र सल्लाह दिनुपर्छ। किनभने नराम्रो चरित्र भएको व्यक्तिको बानीमा सुधार ल्याउनु नै हाम्रो कर्त्तब्य हो। तर बुद्धको बिचार अनुसार कसैले कसैलाई शुद्ध बनाउन सक्दैन। शुद्ध हुनु र अशुद्ध हुनु त आ-आफ्नो हातमा छ। आफैले महशूस गर्नुपर्ने कुरो हो यो।

धेरैजसो धर्म प्रचारकहरूमा आफ्नो व्यवहार र चरित्रतिर ध्यान नदिईकन अरूलाई उपदेश मात्र दिने बानी बसेको देखिन्छ। यो उनीहरूको कमजोरी हो। धेरैजसोले आफूलाई अर्ती दिएको र आलोचना गरेको सुन्न मन पराउँदैनन्। प्रशंसा गरेको मात्र सुन्ने चाहना राख्छन्। बुद्ध शिक्षा अनुसार यो पनि एक कमजोरी पक्ष हो।

त्यसैले बुद्ध शिक्षा प्रचार गर्दा उपदेशले भन्दा पनि शुद्ध आचरण सहितको राम्रो व्यवहारले राम्रो भूमिका खेल्ने देखिन्छ। यसलाई नै हामीले मनन गर्दै लान सके बुद्ध शिक्षाको अध्ययनलाई सफल पार्दै आफ्नो जीवनलाई पनि सफल पार्न सकौं भनी धर्मकीर्ति कामना गर्दछ।

मुद्रक : न्यू नेपाल प्रेस *प्रधान कार्यालय* : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं, नेपाल। फोन : ४३४८५०, ४३४७५३
*व्यापारिक कार्यालय* : शुक्रपथ, न्यू... २५८६७८
Downloaded from http://www.dhamma.digital